का.जि.प्र.का.द.नं. १००/०५९/६०

१४ फागुन २०७९,
आइतबार
26 February 2023,
Sunday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २१, अंक ३२ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com




# तेस्रो राष्ट्रपतिको दौडमा दुई पूर्वसभामुख

यसअघि चर्चामा रहेका रामचन्द्र पौडेल र सुवासचन्द्र नेम्वाङ नै भावी राष्ट्रपतिका उम्मेदवार छन् । दुवै अनुभवी, मध्यमार्गी र तुलनात्मक रुपमा नैतिक मूल्यमा उभिने नेता मानिन्छन् ।

'मैले अपेक्षा गरेको सर्वसम्मत हुनु हो । सम्भवत् त्यो पनि चुनावको दिनसम्म हुन्छ कि । एमाले अध्यक्ष पनि मसँग जेलमा बस्नुभएको हो धेरै समय । पुरानो साथी हो ।'

**रामचन्द्र पौडेल**
उम्मेदवार, राष्ट्रपति





'विगतमा ३१ वटासम्म दल थिए । तिनलाई समेत मिलाएर संविधान निर्माणमा भूमिका खेलें । त्यही संविधानको संरक्षकको जिम्मेवारी प्राप्त हुने विश्वास लिएको छु ।'

**सुवास नेम्वाङ**
उम्मेदवार, राष्ट्रपति

**दीपेन्द्रविक्रम तामाङ/मध्यान्ह**
काठमाडौं, १३ फागुन ।

शुक्रवार बनेको नयाँ राजनीतिक समीकरणमा फागुन २५ सम्म फेरबदल नभए नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल मुलुकको तेस्रो राष्ट्रपति बन्ने निश्चितप्रायः छ । तर उनीसँग नेकपा एमाले उपाध्यक्ष सुवासचन्द्र नेम्वाङले प्रतिस्पर्धा गर्नेछन् । जसले जिते पनि मुलुकले अनुभवी, मध्यमार्गी र तुलनात्मक रुपमा नैतिक मूल्यमा उभिने राजनीतिकर्मी पौडेल र नेम्बाङलाई उम्मेदवारका रुपमा पाउने छ ।

निर्वाचन आयोगले सार्वजनिक गरेको राष्ट्रपति निर्वाचन कार्यतालिका अनुसार राष्ट्रपतिका लागि पौडेल र नेम्वाङले शनिवार उम्मेदवारी दर्ता गराएका हुन् । यो सँगै पूर्व सभामुखलाई मुलुकले तेस्रो राष्ट्रपतिका रुपमा पाउने भएको छ । राष्ट्रपतिका उम्मेदवार पौडेल प्रतिनिधिसभाका र नेम्वाङ संविधानसभाका पूर्वसभामुख हुन् । पौडेल २०५१ साल पुस ३ गतेदेखि २०५५ साल चैत ९ गतेसम्म प्रतिनिधिसभाको सभामुखको भूमिकामा थिए ।

नेम्वाङले २०६५ साउन १२ देखि २०६९ साल जेठ १४ गतेसम्म संविधानसभाको पहिलो कार्यकाल र २०७० फागुन ६ गतेदेखि २०७२ साल असोज २७ गतेसम्म दोस्रो कार्यकाल सभामुखको जिम्मेवारी सम्हालेका थिए ।

पौडेल र नेम्वाङले शनिवार नयाँ बानेश्वरस्थित संसद भवन पुगेर उम्मेदवारी दर्ता गरेका हुन् । यसअघि चर्चामा रहेका पौडेल र नेम्बाङ नै भावी राष्ट्रपतिका लागि आमनेसामने भएका हुन् । शुक्रवार मात्र बनेको आठ दलीय समीकरणबाट सर्वसम्मत उम्मेदवार बनेका पौडेलको उम्मेदवारी 'संविधानको रक्षाका लागि' भएको दाबी गरिएको छ ।

उता पुस १० मा माओवादी अध्यक्ष प्रचण्डलाई प्रधानमन्त्री बनाउन पाँचदलबीच भएको सहमति अनुसार नै उम्मेदवारी दिएका एमाले उपाध्यक्ष नेम्वाङको उम्मेदवारी 'कम्युनिष्ट एकताका लागि' भएको जिकिर गरिएको छ । वरिष्ठ नेता पौडेललाई शनिबार बिहान सानेपामा

– बाँकी पृष्ठ २ मा

# पौडेलको पक्षमा मतभार



"कांग्रेसले कोर्स करेक्सन गरेर अघि बढेका कारण चुनाव जितिनेमा ढुक्क छौं ।

**विमलेन्द्र निधि**
नेता, कांग्रेस

८ दलको समर्थन रहेकाले पौडेलको पक्षमा मतभार छ । संविधानको धारा ६२ मा राष्ट्रपतिको निर्वाचन सम्बन्धी व्यवस्था छ । जसअनुसार राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचनमा प्रतिनिधि सभा सदस्य, राष्ट्रिय सभा सदस्य र प्रदेश सभा सदस्यहरु मतदाता हुन्छन् । मतभार भने फरक-फरक हुन्छ । संघीय सांसद (प्रतिनिधि सभा सदस्य, राष्ट्रिय सभा सदस्य) ले दिएको एक भोटको ७९ र प्रदेश सभा सदस्यले दिएको एक भोटको ४८ मतभार हुन्छ ।

प्रतिनिधिसभामा प्रत्यक्ष निर्वाचित १६५ र समानुपातिकबाट निर्वाचित ११० गरी २७५ सांसद हुन्छन् । राष्ट्रिय सभामा ७ प्रदेशबाट निर्वाचित ८/८ जना र मनोनित ३ जना गरी ५९ सदस्य हुन्छन् । यी ८ जनामध्ये ३ जना महिला, एक जना दलित र ४ जना खुला प्रतिस्पर्धाबाट निर्वाचित भएका हुन्छन् ।

यसरी संघीय संसदका ३३४ जनाले राष्ट्रपति र उपराष्ट्रपतिका लागि भोट हाल्छन् । जसको मतभार २६ हजार ३ सय ८६ हुन आउँछ । सातवटै प्रदेश सभामा ५५० सदस्य छन् । उनीहरुको कूल मतभार २६ हजार चार सय हुन आउँछ ।

राष्ट्रपति निर्वाचनमा कुल ८८४ जनाले मतदान गर्नेछन् । उनीहरूको जम्मा मतभार ५२ हजार ७ सय ८६ हुन्छ । समग्रमा राष्ट्रियसभा, प्रतिनिधिसभा र प्रदेशसभामा रहेका दलहरुको मतभारका दृष्टिमा कांग्रेस र एमाले हाराहारीमा देखिन्छन् । माओवादी केन्द्र तेस्रोमा छ । तेस्रो रहेको माओवादी सहित ८ दलको समर्थन पौडेललाई छ । राष्ट्रिय सभामा १० र प्रतिनिधिसभामा ८९ सांसद

– बाँकी पृष्ठ २ मा

# रणनीतिक खेलमा नेम्वाङ

"चुनाव जितिन्छ । त्यसका आधार जितेपछि खुलाउँला ।

**योगेश भट्टराई**
सचिव, एमाले



राष्ट्रपतिको उम्मेदवारी दर्ता भएसँगै शनिवारबाटै दुवै पक्षले मत माग्ने क्रम शुरु गरेका छन् । एमाले अध्यक्ष ओलीले शनिवार राष्ट्रपति पदमा नेम्बाङलाई समर्थन गर्न आग्रह गर्दै एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाललाई पत्र लेखेका छन् । पत्रमा नेम्बाङ राष्ट्रपति पदलाई अत्यन्त योग्य एवम् उपयुक्त उम्मेदवार भएको उल्लेख गरिएको छ ।

'राष्ट्रियसभा, प्रतिनिधिसभा र प्रदेशसभाका माननीय सदस्यहरु मतदाता हुने यस निर्वाचनमा तपाईंको पार्टीका तर्फबाट मा. सुवासचन्द्र नेम्बाङको पक्षमा मतदानका लागि पूर्ण सहयोग प्राप्त हुने विश्वासका साथ हार्दिक अनुरोध गर्दछु' ओलीले नेपाललाई लेखेको पत्रमा भनिएको छ । राष्ट्रपति निर्वाचनको लागि एकीकृत समाजवादीसँग २५७४ मतभार छ । त्यसैगरी राष्ट्रपतिका

– बाँकी पृष्ठ २ मा

जातीय विभेदको अन्त्य गरौं

- जातीय आधारमा नभई मानिसको ज्ञान, सीप र कर्मको कदर गरौं ।
- मानिसको श्रेष्ठता उसको आचरणले निर्धारण गर्दछ ।
- कर्मद्धारा मानिसको श्रेष्ठता कायम गरौं ।
- जातीय विभेदले पैदा गरेको अन्धविश्वासमा नपरौं ।
- छुवाछुत र भेदभावजन्य कार्य दण्डनीय हो, सचेत रहौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

सवैधानिक परिषद विधेयक

# सुविधाउन्मुख संशोधन प्रयास

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १३ फागुन ।

सरकारले प्रतिनिधिसभामा 'संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६' लाई संशोधन गर्न बनेको विधेयक दर्ता गरेको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रतिनिधिसभामा दर्ता भएको विधेयकमा विगतकै ऐन जगाउने भनेर त्यस अनुसार प्रावधान राखिएको छ । तथापि, कुनै सदस्यको पद रिक्त भए पनि बैठक बस्न र निर्णय गर्न सक्ने गरी सुविधाउन्मुख संशोधन गर्ने प्रस्ताव गरिएको छ । संवैधानिक निकायका पदाधिकारीको नियुक्तिसम्बन्धी कार्यविधि तथा संवैधानिक परिषद्को काम, कर्तव्य, अधिकार र कार्यविधि सम्बन्धमा कानुनी व्यवस्था गर्न आवश्यक रहेको भन्दै सरकारले सुविधाउन्मुख संशोधन गर्ने प्रस्ताव गरेको हो ।

> प्रतिनिधिसधामा दर्ता भएको विधेयकमा विगतकै ऐन जगाउने भनेर त्यस अनुसार प्रावधान राखिएको भए पनि कुनै सदस्यको पद रिक्त भए पनि बैठक बस्न र निर्णय गर्न सक्ने गरी सुविधाउन्मुख संशोधन गर्ने प्रस्ताव गरिएको छ ।

विधेयकमार्फत् मुख्यगरी परिषद्को बैठकसम्बन्धी कार्यविधिमा संशोधन गर्न लागिएको छ । संवैधानिक परिषद्को निर्णय प्रक्रिया र गणपूरक संख्यामा संशोधन प्रस्ताव गरिएको छ । संवैधानिक परिषद्को बैठकमा अध्यक्ष र तत्काल बहाल रहेका कम्तीमा पचास प्रतिशत सदस्य उपस्थित भएमा परिषद् बैठकको गणपूरक संख्या मानिनेछ भन्ने व्यवस्था राख्न प्रस्ताव गरिएको छ । यसअघि अध्यक्ष र कम्तीमा चार जना अन्य सदस्यहरू उपस्थित भएमा परिषद्को लागि गणपूरक संख्या पुगेको मानिनेछ भन्ने व्यवस्था रहेको थियो ।

त्यस्तै, संवैधानिक परिषद्को बैठकका निर्णयमा सहमति कायम हुन नसकेका अध्यक्ष र तत्काल बहाल रहेका कम्तीमा पचास प्रतिशत सदस्यको बहुमतबाट निर्णय गर्न सकिनेछ भन्ने व्यवस्था पनि विधेयकमा राखिएको छ । विगतमा अध्यक्षसहित बहुमत सदस्य

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

# शाखा तत्काल नवीकरण गर्न विभागको उर्दी

**मध्यान्ह संवाददाता**
काठमाडौं, १३ फागुन

वैदेशिक रोजगार विभागले अनुमति लिएका म्यानपावर कम्पनीहरुलाई शाखा कार्यालय तत्काल नवीकरण गर्न भनेको छ । वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त संस्थाहरूको स्वदेशमा शाखा कार्यालय सञ्चालनसम्बन्धी कार्यविधि २०७९ को दफा ५ को उपदफा १ मा शाखा कार्यालयको प्रत्येक आर्थिक वर्षको असोज मसान्तभित्र नवीकरण गर्नुपर्नेछ भन्ने व्यवस्था छ ।

तर धेरै म्यानपावर कम्पनीले शाखा कार्यालय नवीकरण गरेको नदेखिएपछि सूचना नै निकालेर विभागले शाखा कार्यालय नवीकरणको दबाब दिएको हो । कार्यविधिमा शाखा कार्यालय नवीकरण गर्दा प्रत्येक शाखा कार्यालयको एक हजार शुल्क लाग्ने व्यवस्था छ ।

विभागले वार्षिक एक हजार कामदार पठाउने म्यानपावर कम्पनीलाई एक वटा, दुई हजार पठाउनेलाई दुई, तीन हजार पठाउनेलाई तीन, तीनदेखि पाँच हजार पठाउनेलाई पाँच र पाँच हजार भन्दा धेरै पठाउनेलाई केन्द्रीय कार्यालयसहित सातवटा

– बाँकी पृष्ठ २ मा

## पोर्चुगलमा राहदानी र कन्सुलर सेवाका लागि पहल

**पुस्तक रेग्मी/मध्यान्ह**
पोर्चुगल, १३ फागुन

करिब ४५ हजारभन्दा बढी नेपाली रहेको पोर्चुगलमा हजारौं नेपालीको राहदानीलगायतका समस्या समाधान गर्न शुक्रबार फ्रान्सको पेरिसस्थित नेपाली राजदूतावासले राहदानी र कन्सुलर सेवा प्रवाहसम्बन्धी सूचना जारी गरेको छ ।

उक्त सूचनाअनुसार पोर्चुगलमा बस्ने नेपालीहरूले फ्रान्सको पेरिसस्थित नेपाली राजदूतावासका अतिरिक्त नजिकको नेपाली

– बाँकी पृष्ठ २ मा






# भूमिहीनलाई पुर्जा वितरण गर्न नापजाँच शुरु

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, १३ फागुन

राष्ट्रिय भूमि आयोग सुर्खेतले बराहताल गाउँपालिकामा जग्गाको नापजाँच कार्य शुरु गरेको छ। आयोगले बराहताल गाउँपालिका वडा नम्बर २ को रानीघाटबाट काम शुरु गरेको हो ।

शनिबार सुर्खेत क्षेत्र नम्बर २ का प्रतिनिधि सभा सदस्य हृदयराम थानी, सुर्खेत क्षेत्र नम्बर २ (ख) का प्रदेश सभा सदस्य विन्दमान विष्ट र बराहताल गाउँपालिकाका अध्यक्ष भिमबहादुर भण्डारीले एक कार्यक्रमकाबीच जग्गा नापजाँच कार्यको शुभारम्भ गरेका हुन् ।



कार्यक्रममा बोल्दै प्रतिनिधि सभा सदस्य हृदयराम थानीले नागरिकको जीवनयापनको लागि भूमिहीन र सुकुम्बासीलाई जग्गा धनी पुर्जा वितरण कार्य हुनु सराहनीय रहेको बताए ।

प्रदेश सभा विन्दमान विष्टले निर्वाचनको बेला जनता माँझ गरिएका बाचा पूरा गर्न आफूहरु प्रतिबद्ध रहेको बताए । उनले राजनीतिक दल र जनप्रतिनिधिले सुकुम्बासीका समस्या साझा भएकाले एक ठाउँमा भएर अगाडि बढ्नु पर्ने बताए । अबको केही समयमै सो क्षेत्रमा छिट्टै पक्किपुल निर्माणको पहल गर्ने उनले प्रतिवद्धता समेत जनाएका छन् ।

यस्तै, कार्यक्रममा बराहताल गाउँपालिका अध्यक्ष भण्डारीले जग्गा नाप्ने काम विवादरहित ढंगबाट गर्न प्राविधिक र स्थानीयलाई आग्रह गरेका छन् ।

उनले संविधानमा मौलिक हक अन्तर्गत भूमिहीन नागरिकलाई लालपुर्जा वितरण गर्नुका साथै शिक्षा, स्वास्थ्य जस्ता आधारभूत आवश्यकता सरकारले पूरा गर्नुपर्ने बताए ।

बराहताल गाउँपालिकामा भूमिहीन दलित १ सय २०, भूमिहीन सुकुम्बासीको संख्या ३ सय ५० र अव्यवस्थित बसोवासीको संख्या ४ हजार ४ सय ८० र गरी कुल ४ हजार ९ सय ५० रहेका छन् ।

आयोगले केही दिन अगाडि मात्रै वडा नम्बर ५ मा रातोपुर्जा र वडा नम्बर ४ मा नापी कार्य वितरण गरेको थियो ।

# कर्मचारीमाथि कुटपिटको विरोधमा सेवा बन्द

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १३ फागुन



नेपाल विद्युत प्राधिकरण मौलापुर वितरण केन्द्रको अति आवश्यकबाहेक सबै सेवा बन्द गरिएको छ । वितरण केन्द्रका कर्मचारीहरूले अनिश्चितकालका लागि कार्यालय बन्द गर्ने घोषणा गरेका छन् । मौलापुर वितरण केन्द्रका सहायक इन्जिनियर महेन्द्र चौधरीमाथि कुटपिट भएको भन्दै आन्दोलनमा उत्रिएका कर्मचारीहरूले अति आवश्यक सेवाबाहेक सम्पूर्ण सेवाहरू अनिश्चितकालका लागि बन्द गर्ने घोषणा गरेका हुन् ।

केन्द्रले एक सूचना जारी सो जानकारी गराएको हो । त्रिभुवन साह उर्फ अमर साह र धिरज पाण्डेको समूहले नेपाल विद्युत प्राधिकरण मौलापुर वितरण केन्द्रका सहायक इन्जिनियर महेन्द्र प्रसाद चौधरीलाई शुक्रबार कुटपिट गरेको थियो । शुक्रबार बिहान साह र पाण्डेको नेतृत्वमा आएका करिब ३० जनाको अराजक समूहले कार्यालय प्रवेश गरी बिना कारण इन्जिनियर चौधरीलाई कुटपिट गर्नुका साथै गालीगलौज गरेको केन्द्रले जनाएको छ ।

उनीहरुले इन्जिनियर चौधरीलाई तानाशाही शैलीमा अपहरण गरी गाडीमा लगेको र बिना प्रक्रिया विद्युत लाइन जडान गर्न लगाएको केन्द्रले सूचनामा उल्लेख गरेको छ । घटनामा संलग्न व्यक्तिलाई कारबाही गर्न कार्यालयमार्फत जिल्ला प्रहरी कार्यालय रौतहटमा दिएको किटानी जाहेरी हालसम्म दर्ता नभएको र सो घटनाको दोषीलाई हालसम्म कुनै कारबाही नभएकाले दोषीलाई कारबाही नभएसम्म कार्यालयबाट प्रवाह हुने अति आवश्यक सेवाबाहेक सम्पूर्ण सेवा बन्द गरिएको वितरण केन्द्रले सूचनामार्फत जनाएको छ ।

## तेस्रो...

बसेको कांग्रेस केन्द्रीय कार्यसम्पादन समिति र उपाध्यक्ष नेम्वाङलाई चयासलमा बसेको एमाले सचिवालय बैठकले उम्मेदवार बनाउने निर्णय गरेको हो। कांग्रेसमा वरिष्ठ नेता पौडेलसँगै पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौला, गोपालमान श्रेष्ठ र मानबहादुर विश्वकर्मा आकांक्षीका रुपमा रहेका थिए । तर शनिवारको कार्यसम्पादन समिति बैठकमा सभापति देउवाले पौडेलको नाम प्रस्ताव गरे र उनकै नाममा सहमति जुट्यो। पौडेललाई उम्मेदवार बनाउने देउवाको प्रस्तावमा कसैले विरोध नगरेको केन्द्रीय सदस्य एनपी साउदले जानकारी दिए। 'सभापतिले रामचन्द्रको नाम प्रस्ताव गर्नुभयो । रामचन्द्रले धन्यवाद दिएपछि बैठक सकियो । अरु नेताले राष्ट्रपतिको उम्मेदवारमा दाबी नै गरेनन्, उनले भने । कांग्रेस उम्मेदवार पौडेललाई नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी (जसपा), लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा), जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी र राष्ट्रिय जनमोर्चाको समर्थन छ । पुस १० मा बनेको एमालेसहितको पाँच दलको गठबन्धन भंग गर्दै प्रचण्डको संयोजनमा १२ फागुनमा बनेको ८ दलीय गठबन्धनले राष्ट्रपतिमा कांग्रेसले तय गर्ने उम्मेदवारलाई समर्थन गर्ने निर्णय गरेको थियो ।

एमाले उम्मेदवार नेम्वाङको समर्थनमा भने अहिलेसम्म अरु कुनै दल खुलेका छैनन् । राष्ट्रिय स्वतन्त्र पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) पौडेल नेम्वाङ कसैको पक्षमा खुलेका छैनन् ।

शनिवार उम्मेदवारी दर्ता गराए लगत्तै पौडेल र नेम्बाङ दुवैले आफूले जित्ने दाबी गरेका छन् । ८ दलको समर्थनमा उम्मेदवारी दिएका कांग्रेस वरिष्ठ नेता पौडेलले नेकपा एमालेले पनि आफूलाई सघाउने विश्वास व्यक्त गर्दै आफूले सर्वसम्मत निर्वाचन जित्ने जिकिर गरेका छन् । शुक्रबार राष्ट्रपति पदका लागि उम्मेदवारी दर्ता गरेपछि सञ्चारकर्मीहरुसँग बोल्दै वरिष्ठ नेता पौडेलले एमाले अध्यक्ष केपी शर्मा ओली आफ्नो पुरानो साथी भएको र आफूलाई सर्वसम्मत बनाउन उनको योगदान रहने विश्वास व्यक्त गरे ।

'मैले अपेक्षा गरेको सर्वसम्मत हुनु हो। सम्भवत् त्यो पनि चुनावको दिनसम्म हुन्छ कि । त्यसमा म कोशिस गर्दैछु। एमाले अध्यक्ष पनि मसँग जेलमा बस्नुभएको हो धेरै समय' उनले अघि भने, 'पुरानो साथी हो । उहाँले पनि यो राष्ट्रमा सबैको साझा पद बनाउनलाई उहाँले योगदान गर्नुहोला भन्ने मैले विश्वास गरेको छु ।' पौडेलले भने । उनले गणतन्त्रलाई संस्थागत गर्दै नेपाली जनतामा आएको सार्वभौमसत्तालाई बलियो र सुरक्षित राख्नुपर्ने अवस्था आएको भन्दै त्यसका निम्ति आफ्नो भूमिका हुने बताए। उता राष्ट्रपतिका अर्का उम्मेदवार नेम्बाङले आफू राष्ट्रपतिमा निर्वाचित भएपछि जनताको राष्ट्रपति भएको अनुभूति हुने गरी काम गर्ने बताएका छन् । उम्मेदवारी दर्तापछि उनले भने ' जनताको राष्ट्रपति बनेर व्यवहारमा अनुभूत हुने गरी काम गर्ने मेरो प्रयास हुनेछ ।'

## पौडेलको...

रहेको कांग्रेसको मतभार ७,८२१ छ । प्रदेश सभातर्फ १७५ सदस्य जितेको कांग्रेसको मतभार ८४०० हुन्छ। संघ र प्रदेश दुवैतर्फ जोड्दा कांग्रेसको कूल मतभार १६ हजार २२१ पुग्छ ।

नेकपा एमाले पनि कांग्रेसकै हाराहारीमा छ। दुवै सभातर्फ जोड्दा १५ हजार २८१ मतभार रहेको एमालेको प्रतिनिधिसभामा ७८ र राष्ट्रिय सभामा अध्यक्ष सहित १७ सांसद छन्। जसको मतभार ७,५०५ हुन्छ। प्रदेश सभातर्फ देशभर १६२ सिट जितेको एमालेको मतभार ७७७६ छ ।

राष्ट्रिय सभामा १६ सांसद रहेको माओवादी केन्द्रको प्रतिनिधिसभामा ३२ सिट छ। प्रदेश सभातर्फ उसले देशभर ८२ सिट जितेको छ। संघमा ३७९२ मतभार रहेको माओवादी केन्द्रको प्रदेशसभा तर्फ ३९३६ मतभार पुग्छ । दुवैतिर जोड्दा माओवादीको कूल मतभार ७,७२८ हुन आउँछ ।

तीनवटै सभाको कूल मतभार जोड्दा एकीकृत समाजवादीको दुई हजार ४७८, जनता समाजवादी पार्टी (जसपा) को दुई हजार ९७ मतभार छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले प्रतिनिधिसभामा १९ सिट छ । गत चुनावमा रास्वपाले २० सिट जितेको भए पनि रास्वपा सभापति रवि लामिछानेको पद नागरिकता विवादमा रिक्त भएकाले हाल रास्वपासँग १९ सांसद छन्। जसको मतभार १५०१ हुन आउँछ । यो दलले प्रदेश सभाको चुनावमा भाग लिएको थिएन । उसको राष्ट्रिय सभामा प्रतिनिधित्व छैन ।

प्रदेश सभा र प्रतिनिधिसभा समेत जोड्दा जनमत पार्टीको १२४२, लोसपाको ८२७, नागरिक उन्मुक्ति पार्टीको ७६५, नेमकिपाको २२३, राष्ट्रिय जनमोर्चाको १५८, हाम्रो नेपाली पार्टीको ९६ र स्वतन्त्र मतभार १२८७ छ ।

संविधानको धारा ६२ (३) अनुसार राष्ट्रपति निर्वाचनमा विजयी हुन ५१ प्रतिशत अर्थात, कम्तीमा २६ हजार ३ सय ९४ मत ल्याउनुपर्ने हुन्छ । कांग्रेस, माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जसपा, लोसपा, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी र राजमोले गठबन्धन नै पौडेललाई समर्थन गर्ने निर्णय गरेका छन् । राप्रपा र रास्वपाले भने कुनै निर्णय लिइसकेको छैन् ।

तर, नेपाली कांग्रेसका नेता विमलेन्द्र निधि 'काँग्रेसले कोर्स करेक्सन गरेर अघि बढेका कारण चुनाव जितिनेमा ढुक्क रहेको' बताउँछन् ।

## रणनीतिक...

उम्मेदवार पौडेलले पनि राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेसँग भेटेर राष्ट्रपतिमा आफूलाई समर्थन गर्न आग्रह गरेका छन् ।

पौडेलले रविको हात्तिगौंडास्थित निवासमा पुगेर भेट गरेका हुन् । दुई नेताबीच २१ मिनेट कुराकानी भएको र भेटमा पौडेलले राष्ट्रपतिमा आफूलाई समर्थन गर्न सभापति लामिछानेलाई आग्रह गरेको लामिछानेका स्वकीय सचिव प्रकाश सिग्देलले जानकारी दिए । तर रास्वपाले भने कसलाई समर्थन गर्ने भन्नेबारे केही निर्णय गरेको छैन ।

अर्थात, पछिल्लो समीकरण यथावत रहे कांग्रेस उम्मेदवार पौडेल विजयी हुने सम्भावना छ। तर, गोप्य मतदान भएकाले रणनीतिक रुपमा चुनाव जितिने एमाले नेताहरुको दाबी छ । एमाले सचिव योगेश भट्टराई भन्छन्, 'चुनाव जितिन्छ । त्यसका आधार जितेपछि खुलाउँला ।'

## संवैधानिक ...

भए बहुमतमा निर्णय लिन सक्ने भनिएको थियो। व्यवहारत विगतमा ५ जना सहमत मात्रै बहुमतको निर्णय हुन सक्थ्यो । अहिले पनि यो व्यवस्था छ । तर, कुनै सदस्य रिक्त भएको अवस्थामा ५ जना अनिवार्य नहुने गरी खुकुलो प्रावधान राखिएको हो ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका अधिकारीहरुका अनुसार तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले अध्यक्षसहित ३ जना हुँदा बैठक बस्न गणपुरकसंख्या पुग्ने र त्यसको बहुमत (२) जनाले नै निर्णय गर्न सक्ने गरी अध्यादेश ल्याएका थिए। त्यस अनुसार बिभिन्न संवैधानिक निकायमा ५२ जनाले नियुक्ति पाएका थिए । त्यसविरुद्ध परेको रिट सर्वोच्च अदालतमा बिचाराधीन छ। त्यसबेला अध्यादेशले निष्कृय बनाएका प्रावधानहरु जगाउन ल्याएको अध्यादेशमा सरकारले यसपटक कुनै सदस्यको पद रिक्त भए बैठक बस्न र निर्णय गर्न सक्ने गरी सुविधाउन्मुख प्रावधान राख्ने प्रस्ताव गरेको हो ।

प्रधानमन्त्रीको अध्यक्षतामा रहने संवैधानिक परिषदमा प्रधानान्यायाधीश, सभामुख, प्रमुख विपक्षी दलको नेता, राष्ट्रिय सभाका अध्यक्ष र उपसभामुख सदस्य रहन्छन् ।

## शाखा...

शाखा सञ्चालन गर्न दिने गरेको छ । प्रत्येक शाखा कार्यालयको धरौटी शुल्क दुई लाख रुपैयाँ तोकिएको छ । शाखा कार्यालयमा कार्यालय प्रमुख रहने कर्मचारीको न्यूनतम शैक्षिक योग्यता बाह्र कक्षा र सहायक कर्मचारीका लागि एसईई उत्तीर्ण गरेको हुनुपर्ने व्यवस्था पनि कार्यविधिमा उल्लेख छ ।

विभागको तथ्यांकअनुसार हालसम्म ३२ वटा म्यानपावर कम्पनीले शाखा सञ्चालनको अनुमति लिएका छन् । तीमध्ये अधिकांशले झापाको बिर्तामोड, सुनसरीको इटहरी तथा धरान, कास्कीको पोखरा, रूपन्देहीको बुटवल, चितवनको भरतपुर र दाङमा कार्यालय सञ्चालन गरिरहेका छन् ।

## पोर्चुगलमा...

राजदूतावास मेड्रिड, ब्रसेल्स, बर्लिन र कोपेनहेगनस्थित नेपाली राजदूतावासबाट पनि राहदानी र कन्सुलर सेवा प्राप्त गर्न सक्नेछन् ।

राहदानी बनाउन बढीमा दुई हप्ताभित्र पाँच सदस्यीय टोली एक महिनासम्मका लागि पोर्चुगल बस्ने गरी पठाउन लागिएको र यसबारे फागुन ३ गतेको परराष्ट्र मन्त्रीस्तरीय बैठकले निर्णय गरिसकेको परराष्ट्रमन्त्री डा. विमला राई पौडेलले जानकारी दिएकी थिइन् ।

राहदानीका लागि तोकिएको प्रक्रिया पूरा गरी र कन्सुलर सेवाको लागि खासगरी अधिकृत वारेसनामाको लागि भेटघाटको समय लिएर मात्र राजदूतावासमा जानुपर्ने पेरिसस्थित नेपाली दूतावासले शुक्रबार जारी गरेको सूचनामा उल्लेख छ ।

# सिंहदरबार प्रवेशका लागि फोटो र अवधिसहितको पास

काठमाडौं/मस- सरकारले देशको प्रमुख प्रशासनिक केन्द्र सिंहदरबारमा प्रवेश गर्ने आगन्तुकका लागि फोटो र प्रवेश अवधिसहितको केन्द्रीय पास वितरण गर्ने तयारी गरेको छ । पास वितरण तयारी गर्न केन्द्रीय अनुगमन तथा मूल्यांकन समितिले गृह मन्त्रालयलाई निर्देशन दिएको छ ।

मुख्यसचिव शंकरदास वैरागीको संयोजकत्वमा बसेको बैठकले कम्प्युटर प्रणालीमा आधारित फोटो र अवधिसहितको पास वितरण गर्न गृहसचिव विनोदप्रकाश सिंहलाई निर्देशन दिएको बताइएको छ ।

बैठकले सिंहदरबारको पश्चिम प्रवेशद्वारबाहेक अन्य प्रवेशद्वारबाट कर्मचारीलाई प्रवेश गर्न र बाहिर जाने व्यवस्था मिलाउन समितिले निर्देशन दिएको जनाइएको छ ।

---

गैरआवासीय नेपाली संघ (एनआरएनए) पोर्चुगलका महासचिव राजकुमार थापाले मध्यान्हसँग कुरा गर्दै राहदानीका लागि बायोमेट्रिक दिन पहिला अनलाइनमार्फत नै हुने भएपनि अहिले पोर्चुगलबाट पेरिस जानुपर्ने बाध्यता रहेको बताए। उनले वैधानिकरुपमा भिसा सकिएका र रेसीडेन्सी कार्ड कुरेर बसेकाहरुलाई पेरिस जान अत्यन्तै समस्या परेको बताए ।

पोर्चुगलमा हजारौं नेपालीको राहदानी (पासपोर्ट) समस्या समाधा गर्न आन्तरिक प्रक्रिया पूरा भई पोर्चुगल जाने मिति निश्चित भएपछि राजदूतावासले त्यससम्बन्धी विस्तृत विवरण उपलब्ध गराउने जनाइएको छ ।


**Malika Rural Municipality**
**Office of Rural Municipal Executive**
**Darbang, Myagdi**
**Gandaki Province, Nepal**

**Invitation for Online Bids (e-bid)**

**Date of Publication: 26 Feb, 2023 (2079/11/14)**

Office of Rural Municipal Executive, Malika Rural Municipality Darbang, Myagdi has allocated funds to construct work of below mentioned contract.

| Contract ID | Name of Project | Bid Security (Nrs) | Fee for Bid Documents (Nrs) |
|---|---|---|---|
| MRM/MGD/NCB/ WORKS/079/080-07 | Darbang Bazar Drain Construction Works | Nrs: 1,50,000 | 3,000 |

1. Bidders can get further information from Office of Malika Rural Municipality, Darbang, Myagdi (069420022,Website:www.malikamunmyagdi.gov.np email:malikamunmyagdi@gmail.com) or visit PPMO's website: www.bolpatra.gov.np/egp and interested bidders should submit online bids through e-procurement portal http://www.bolpatra.gov.np/egp only and deposit the cost of bidding document (NRS 3000) in the following details:
   **Account Holder: Malika Rural Municipality**
   **Account No.: 0750110008400132**
   **Bank Name: Prabhu Bank Ltd.**
   **Branch Name: Darbang Branch**
2. Any amendment in the tender notice will be posted in the PPMO's website. The office of Rural Municipal Executive, Malika Rural Municipality reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reasons, whatsoever.

**Chief Administrative Officer**



**Government of Nepal**
**Ministry of Physical Infrastructure and Transport**
**Department of Roads**
**Federal Road Supervision & Monitoring Office, Itahari**
**ROAD DIVISION ILAM**

**Invitation for Bids No: 09-079-80**

**Date of first publication: 2079/11/14(26/02/2023)**

1. Road Division Ilam invites electronic bids from eligible bidders for following works:

| Contract Number | Description and location of work | Estimated Amount Without VAT (NRs) | Bid Security Amount(NRs) | Bid Security Validity Period | Bid document Fee NRs. |
|---|---|---|---|---|---|
| RDILAM/ 337310113/079/80/33 | Rehabilitation Works Along Mechi Highway (Phidim Suketar Section) | - | 800,000.00 | 120 days | 5,000.00 |
| RDILAM/ 337310113/079/80/34 | Rehabilitation Works Along Mechi Highway (Maikhola Phidim Section) | - | 650,000.00 | 120 days | 5,000.00 |
| RDILAM/ 337310113/079/80/35 | Rehabilitation Works Along Mechi Highway (Chihanedanda Maikhola Section) | - | 650,000.00 | 120 days | 5,000.00 |
| RDILAM/ 337310113/079/80/36 | Rehabilitation Works along Fikkal Shreeantu chabise Road | 12,781,043.71 | 400,000.00 | 120 days | 3,000.00 |

2. Deadline for Bid Submission and Opening:

<table>
<tr><th colspan="2" rowspan="2">Submission of Bid</th><th colspan="2" rowspan="2">Opening of Bid</th><th>Revenue a/c No.</th><td>00101000000001001001</td><th>Office code</th><td>337010301</td></tr>
<tr><th>Revenue Heading No.</th><td>14229</td><th>Bank</th><td>Nepal Bank Ltd, Ilam</td></tr>
<tr><th>Date</th><th>Time</th><th>Date</th><th>Time</th><th>Name of Office</th><td colspan="3">Financial Comptroller General Office</td></tr>
<tr><td rowspan="3">2079/12/13</td><td rowspan="3">12:00</td><td rowspan="3">2079/12/13</td><td rowspan="3">13:00</td><th>Deposit A/c No.</th><td>04001000002003000001</td><th>Office code</th><td>337010301</td></tr>
<tr><th>Name of Office</th><td colspan="3">District Treasury Controller Office, Ilam</td></tr>
<tr><th>Bank</th><td colspan="3">Nepal Bank Ltd, Ilam</td></tr>
</table>

Eligible Bidders may obtain further information at Road Division Ilam (Tel: 027-520049, email:droilam72@gmail.com or may visit PPMO's **website http://bolpatra.gov.np/egp**.

**Division Chief**

# एनआरएनए कतारको अन्तिम परिषद् भेलामा विवाद

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, १३ फागुन

गैर आवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् कतारको २०२१-२३ कार्यकालको तेस्रो तथा अन्तिम परिषद् भेला विवादका बीच सम्पन्न भएको छ। संघका अध्यक्ष मोहम्मद मुक्तदाको सभापतित्व तथा कतारका लागि नेपाली राजदूत डा. नरेश विक्रम ढकालको प्रमुख आतिथ्यतामा भेला सम्पन्न भएको हो।

प्रथम उपाध्यक्ष जैवी चाम्लिङ राईले स्वागत मन्तव्य राखेको कार्यक्रममा आफ्नो मन्तव्य राख्दै प्रमुख अतिथि ढकालले कतारदेखि नेपालसम्म प्रभावकारी कार्य गरेको र राजदूतावाससँग समन्वयका साथै नेपाली समाजमा दिएको योगदानको प्रशंसा गर्दै परिषद् भेलाको सफलताको शुभकामना व्यक्त गरे। उनी कार्यव्यस्ताका कारण शुभकामना मन्तव्य पछि हलबाट बाहिरिएका थिए।

भेलामा संघका कोषाध्यक्ष विनोदप्रसाद बसौलाले कार्यकालभरि संघले ७ लाख ७१ हजार ४ सय ४९ रियाल आम्दानी र ५ लाख ६४ हजार ५ सय ४२ रियाल खर्च गर्दै २ लाख ६ हजार ९ सय ०७ रियाल बचत गरेको आयव्यय प्रस्तुत गरे। भेलामा संघको २ वर्षे कार्यकालको कार्य प्रगति विवरण महासचिव पदम गिरीले पेस गरेका थिए।

भेलामा प्रस्तुत विभिन्न कार्य, संगठनात्मक, आयव्यय लगायतका पेस गरिएका विभिन्न कार्यप्रगति तथा विवरणहरू पास भएका छन्।

भेलाले परिषद् सदस्यता शुल्क ३५ रियालबाट घटाउँदै २५ रियाल कायम गरेको छ। संघको कार्यकाल २०१७-२०१९ मा स्थापित साहित्य, पत्रकारिता तथा खेलकुद पुरस्कारलाई यस कार्यकालमा पनि निरन्तरता दिइयो। २०११-२०२३ को 'पत्रकारिता पुरस्कार' शारदा भुजेल, 'साहित्य पुरस्कार' मणि पौडेल र स्वास्थ्य तथा खेलकुद पुरस्कार भलिबल खेलाडी वीरबल महतलाई प्रदान गरिने गरी भेलाले अनुमोदन गर्‍यो।



कार्यक्रममा एनआरएनका विभिन्न तह र तप्काका प्रतिनिधि कतारमा रहेका विभिन्न संघसंस्थाका अध्यक्ष तथा प्रतिनिधीहरुको उपस्थिति रहेको थियो।

**विधान र निर्वाचन समिति संयोजकमा किचलो**

अन्तिम परिषद् भेलामा २०२१-२३ कार्यकालको विधान संशोधनसहित पेस गरेपनि पूर्ण रूपमा पास हुन सकेन। फ्लोरबाट समाजमा देखिएका र योगदान गरेका व्यक्तिहरु खुल्लारूपमा अध्यक्ष पदमा लड्न पाउनु पर्ने माग उठिरह्यो।

विधान संशोधन समितिकासंयोजक रामहरि गैह्रेले फ्लोरमा जवाफ फर्काए पनि परिषद् सदस्यहरू सन्तुष्ट देखिएनन् र विवाद बढ्दै गयो। एनआरएनएका अग्रजदेखि वर्तमान अध्यक्षले फ्लोरका मागलाई सम्बोधन गर्ने बताए तर फ्लोरले आफ्नो मागको लिखित सुनुवाइको माग साम्य हुन सकेन। विधान संसोधन समितिका संयोजकले मागलाई लिखित रूपमा केन्द्रमा पठाउने र प्राप्त निर्देशन बमोजिम विधान संशोधन गरिने प्रतिबद्धता जनाएपछि फ्लोर शान्त भएको थियो।

अन्तिम परिषद् भेलाबाट तोकिने निर्वाचन संयोजक पनि भेलाबाट पास हुन सकेन। कार्यक्रमको समापन गर्ने क्रममा सभापति मुक्तदाले निर्वाचन संयोजकमा एक जना व्यक्तिको मात्र नाम घोषणा गरे लगत्तै पञ्जीकृत सदस्य करीम बक्स मियाँले आफू पनि आकांक्षी रहेको बताए।

उनले एक जना मात्र नाम कसरी आयो भनी हलमा प्रश्न गरेपछि एनसिसिको कार्यसमिति बैठकले अध्यक्षलाई एक जना व्यक्तिको नाम लिन सर्वाधिकार दिइएको र उनले लिएको नाम नै आधिकारिक हुने सहमति गरेको कुरा हलमा छताछुल्ल भएको थियो। अन्तिम परिषद् भेलाले टुंग्याउनुपर्ने नाम कार्यसमितिले टुंग्याउनेछ भन्दै मुक्तदाले भेलाको समापन गरे। तर त्यो विधान विपरीत रहेको आवाज उठी नै रह्यो।

**भेलाबाट दशौं राष्ट्रिय महाधिवेशनको तालिका सार्वजनिक**

दशौँ राष्ट्रिय महाधिवेशनको तालिका समेत भेलाले अनुमोदन गरेको छ। महासचिव पदम गिरीले पेस गरेको तालिका अनुसार यहिसालको जुलाई १४ तारीक र राष्ट्रिय महाधिवेशन २८ जुलाईमा हुनेछ। महाधिवेशनलाई लक्षित गर्दै परिषद् भेलाबाट पञ्जिकृत सदस्यता आइतबारबाट मे १२ सम्मका लागि खुल्ला हुनेछ। आइतबारबाट प्राप्त हुने आबेदको संख्या हरेक १५ दिनमा प्रकाशित गरिने जनाइएको छ। आवेदकको प्रारम्भिक नामावली १३ मे मा पहिलो पटक प्रकाशित हुनेछ भने कागजात प्रमाणीकरण २६ मे मा हुनेछ। कागजात प्रमाणीकरण पछिको दोस्रो नामावली प्रकाशन २७ मे मा हुनेछ। सदस्यहरूको निवेदनमाथि दाबी विरोधको मिति भने २८ मे देखि २ जुन सम्मलाई तोकिएको छ। दाबी विरोधपछि ३ जुन मा नामावली प्रकाशन गरिने तालिका रहेको छ।

स्वीकृत भएका आवेदकहरूले ९ जुन भित्र शुल्क भुक्तानी गर्नुपर्नेछ। भुक्तानी पश्चात् अन्तिम नामावली १६ जुनमा प्रकाशित हुनेछ। अन्तिम नामावली १६ जुनमै निर्वाचन समितिलाई बुझाउने कार्य तालिका पास भएको छ। पञ्जीकृत सदस्यता लिन पासपोर्ट साइजको फोटो, पासपोर्ट कपि, वैद्य कतारी आइडी र कतार प्रवेश गरेको २ साल पूरा भएको हुनुपर्नेछ।

# 'सीमाभित्र सेनाले निर्वाह गर्दै आएको भूमिका अपरिवर्तनीय'



**काठमाडौं/मस-** प्रधानसेनापति प्रभुराम शर्माले अन्तर्राष्ट्रिय तथा क्षेत्रीय घटनाक्रमले मुलुकको परिस्थितिलाई समेत प्रभावित गरिरहने भएतापनि सीमाभित्र नेपाली सेनाले निर्वाह गर्दै आइरहेको भूमिका अपरिवर्तनीय रहने बताएका छन्।

सैनिक कमाण्ड तथा स्टाफ कलेजमा वैशाख ०५ गते शुरु भएको सि.सं. २९ कमाण्ड तथा स्टाफ तालिमको दीक्षान्त समारोहमा प्रधान सेनापतिले नेपाली सेनाको भूमिका, कर्तव्य तथा जिम्मेवारीहरू संविधानबाटै निर्देशित हुनुको साथै स्वदेशमा र अन्तर्राष्ट्रिय क्षेत्रमा पनि बहुआयामिक चरित्रका भएको बताए। सेनाका तीन महिलासहित ८० अधिकृत, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र राष्ट्रिय अनुसन्धान विभागका एक एक गरी ३ जना अधिकृत तथा श्रीलंका, केन्या, नाइजेरिया, पाकिस्तान, बंगलादेश, बेलायत, भारत, मालदिभ्स र संयुक्त राज्य अमेरिकाका एक/एक गरी नौ जना विदेशी अधिकृतसहित जम्मा ९२ जना शिक्षार्थी अधिकृतले उक्त तालिममा भाग लिएका थिए।

# रुकुम पश्चिममा पर्यटन तथा साँस्कृतिक महोत्सव हुने

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, १३ फागुन




जिल्ला सदरमुकाम मुसिकोट खलंगा बराहाटाकुरामा फागुन २६ देखि कृषि, पर्यटन, व्यापार तथा साँस्कृतिक महोत्सव हुने भएको छ। राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान रुकुम पश्चिम र कला साँस्कृतिक पर्यटन मञ्चले संयुक्त रुपमा महोत्सवको आयोजना गर्न लागेका हुन्।

फागुन २६ देखि चैत ७ गतेसम्म चल्ने महोत्सवको तयारी तीव्ररुपमा भइरहेको आयोजक समितिका संयोजक डिल्ली परियारले जानकारी दिए।

उनकाअनुसार महोत्सवमा हरेक दिन लाइभ दोहोरी, मौलिक, कला, संस्कृतिको जगेर्ना गर्ने र रुकुम पश्चिमको पहिचान स्थापित गर्ने प्रस्तुति हुनेछन्।

कोरोना महामारीका कारण केही वर्षदेखि स्थगित मेला पर्वहरुको प्यास यस महोत्सवले मेटाउने संयोजक परियारको भनाइ छ। महोत्सवमा राखिने स्टलहरु, साउन्ड सिस्टम, स्थानीय सरकार, व्यवसायी तथा कलाकारहरुसँग छलफल भइरहेको उनले जानकारी दिए। महोत्सवमा दर्शकहरुलाई भरपुर मनोरञ्जन दिन दर्शकको मागअनुसार साँस्कृतिक प्रस्तुति राखिने आयोजकको तयारी छ।

**कम्पनीको नाम र ठेगाना परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०७९/११/१४**

**आदर्श एजुकेशनल फाउण्डेशन रौतहट प्रा. लि.** को मिति २०७९/०९/१४ गतेमा सम्पन्न वार्षिक/विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **रिलायन्स पब्लिक ईङ्गलिस बोर्डिङ्ग स्कुल प्रा.लि. (प्रा.लि. नं.: ८५७३२)** र ठेगाना **रौतहट-९, रौतहट** लाई परिवर्तन गरि **मौलापुर नगरपालिका-५, रौतहट** कायम गर्ने गरी मिति २०७९/०९/२८ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

# हेलिकप्टरमार्फत नुन ढुवानी

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, १३ फागुन

हुम्लाको मध्य क्षेत्रमा पर्ने सर्केगाड गाउँपालिकाको गिउँसीदेखि हेलिकप्टरबाट नुन ढुवानी गरिएको छ। राष्ट्रिय सडक सञ्जालसँग नजोडिएको हुम्लामा हेलिकप्टरमार्फत सरकारी अनुदानको आयोडिन नुन ढुवानी गरिएको हो।

नेपालगञ्जदेखि गाडीमार्फत ल्याएको नुन सर्केगाडको गिउँसीबाट हेलिमा ढुवानी गरिएको हो। नेपाल साल्ट ट्रेडिङ कर्पोरेशन अनुदानको आयोडिन नुन हेलि कैलाश कम्पनीको हेलिकप्टरले ढुवानी शुरु गरेको साल्ट ट्रेडिङ कर्पोरेशन हुम्लाका प्रमुख राज बहादुर लामाले मध्यान्हलाई जानकारी दिए।



सर्केगाड गाउँपालिकाको गिउँसीमा रहेको २२ सय क्विन्टल नुन हेलिकप्टरले झुण्ड्याएर ढुवानी गरेको प्रमुख लामाले बताए। कङ्ग्री निर्माण ढुवानी सेवाले नेपालगञ्जदेखि सर्केगाडसम्म गाडीमार्फत ढुवानी गरेको र सोही निर्माण सेवाले सर्केगाडबाट हेलिकप्टरलाई ढुवानीको जिम्मा दिएको हो। हेलिले एक पटकमा ८ क्विन्टल ढुवानी गर्ने गरेको प्रमुख लामाको भनाई छ। तर हेलिकप्टरको क्षमता भनेको ६ क्विन्टल बोक्ने हेलिले बाहिर झुण्ड्याएर बोक्दा दुई क्विण्टल नुन बढी बोक्ने गरेको जनाएको छ।

हुम्लामा नेपाल खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको खाद्यान्न र साल्ट ट्रेडिङ कर्पोरेशन हुम्लाको नुन हेलिकप्टरबाटै ढुवानी कार्य तीव्र सञ्चालन भई रहेको छ। ढुवानी जिम्मा पाएको ठेकेदारले पछिल्लो समय खाद्यान्न र नुन ढुवानी कार्यलाई नियमितता दिने गरेका छन्।

## स्रोत नखुलेको रकमसहित पक्राउ

**सप्तरी/मस-** स्रोत नखुलेको सात लाख ६३ हजारसहित भारतीय नागरिकलाई प्रहरीले सप्तरीबाट नियन्त्रणमा लिएको छ। भारत बिहारको कुनौली ग्रामपंचायत कमलपुर घर बताउने अस्मिताकुमारी साहलाई तिलाठी कोईलाडी गाउँपालिका १ स्थित भन्सार कार्यालयको मूलद्वार अगाडिबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ। नेपाल प्रहरी र सशस्त्र प्रहरी तथा भन्सार कर्मचारीको संयुक्त जाँच टोलीले भारतबाट नेपाल प्रवेश गरेकी साहको साथबाट स्रोत नखुलेको ६ लाख ८३ हजार ३ सय रुपैयाँ र ५० हजार भारतीय (८० हजार नेपाली) रुपैयाँ गरी कुल ७ लाख ६३ हजार ३ सय रुपैयाँसहित नियन्त्रणमा लिएको हो। पक्राउ परेकी साहलाई थप अनुसन्धान तथा कारबाहीका लागि बरामद रकमसहित आन्तरिक राजस्व कार्यालय इटहरी पठाइएको प्रहरीले जनाएको छ।

**केराबारी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
केराबारी मोरङ, प्रदेश नं. १, नेपाल

**सूचना सच्याइएको सम्बन्धमा।**

(प्रकाशित मितिः २०७९/११/१४)

प्रस्तुत विषयमा यस कार्यालयको मिति २०७९।११।११ गते नदिजन्य पदार्थ उत्खनन्, संकलन तथा बिक्री गर्ने कार्यको लागि बोलपत्र आव्हान भएको सूचनामा तपशिल बमोजिम हुनुपर्नेमा अन्यथा भएकोले सूचना सच्याइएको व्यहोरा सम्बन्धित सम्पुर्णको जानकारीको लागि यो सूचना प्रकाशीत गरिएको छ।

तपसिल

| क्र.स. | सच्याइनुपर्ने सूचनाको विवरण | सूचना सच्याइएको विवरण |
|---|---|---|
| १ | बोलपत्र खरिद दस्तुर | रु १०,००० (दश हजार ) |
| २ | बोलपत्र जमानत मान्य अवधि | बोलपत्र खोलेको दिन देखि १५० दिन सम्मको मान्य अवधि हुनुपर्ने। |

केराबारी गाउँपालिका

**यूएईमा NURSE हरूलाई रोजगारको अवसर**

कम्पनीः AMERICARE L L C — शहर : UAE,ABU DHABI
पूर्व स्वीकृत मितिः २०७९/११/०८ — चलानी नं.: ६०१९६८४५ — LT. No.: 281369

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Nurses | 0 | 22 | सम्बन्धित काममा दक्ष | 4000 | १,४४,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Nurse General | 0 | 6 | | 5500 | १,९८,००० | | | | | | | |
| 3. | Filing Clerk | 0 | 12 | | 3000 | १,०८,००० | | | | | | | |
| 4. | Hospital Admissions Clerk | 0 | 2 | | 3000 | १,०८,००० | | | | | | | |
| 5. | Health Care Assistant | 0 | 1 | | 3000 | १,०८,००० | | | | | | | |
| 6. | Telecommunication Assistant. | 0 | 4 | | 3000 | १,०८,००० | | | | | | | |

अन्तर्वार्ता काजीको किचेन, बत्तीसपुतली गौशाला, काठमाडौंमा मिति २०७९ फागुन १६, १७ र १८ गते (28 February & 1, 2 March 2023) मा हुनेछ।

नोटः नर्सको हकमा PCL NURSE WITH +2 PASS ANY FACULTY, BSC and BN NURSE हुनु पर्नेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

Nepal Life Recrutiment Agency Pvt. Ltd.
Gaushala, Kathmandu, Nepal
Govt. Lic. No. 1476/074/075
Tel: 01-4598920, Mobile: 9851076290, 9801076290, 9851107877
E-mail: nepallifera1476.2017@gmail.com

Lumbini Province Government
Ministry of Physical Infrastructure Development
**Transport Infrastructure Directorate**
**Road Infrastructure Development Office**
**Palpa**

**Invitation/Re-Inviation for Online Bids**

**Date of publication: 26th Februrary, 2023 (14th Fagun, 2079)**

Road Infrastructure Development Office (RIDO), Palpa invites electronic bids from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egp for following work under National Competitive Bidding/Sealed Quotation system. All other information and Bid Document can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp

**Information to deposit the cost of bidding document in Bank:**
**Name of the Bank :** Rastriya Banijya Bank Ltd., Palpa **Name of the Office :** Road Infrastructure Development Office, Palpa
**Office Code No** : 3370150015
**(Dharauti and Rajaswa) Rajaswa Shrishak No:** - 14229; **Rajaswa Account No.:** 1000200010000

**For S.N. 1-2 (National Competitive Bidding) (Re-Inviation/Second Notice)**
**Last Date of Bid Purchase and Submission** : 2079/11/29 (13th March, 2023), 12:00 Hrs
**Bid Document Fee (NRs.):** 3,000/- **Bid Validity Period:** 90 days, **Dharauti A/C No:** 3030100202030000

**For S.N. 3-4 (Sealed Quotation) (Re-Inviation/Second Notice)**
**Last Date of Bid Purchase and Submission:** 2079/11/29 (13th March, 2023), 12:00 Hrs
**Bid Document Fee (NRs.):** 1,000/- **Bid Validity Period:** 45 days, **Dharauti A/C No:** 3030100202030000

**For S.N. 5-9 (National Competitive Bidding) First Notice**
**Last Date of Bid Purchase and Submission:** 2079/12/14 (28th March, 2023), 12:00 Hrs
**Bid Document Fee (NRs.):** 3,000/- **Bid Validity Period:** 90 days, **Dharauti A/C No:**3030100202030000

| S. N. | Name of Project | Contract Identification | Estimate Amount (excluding VAT & Contingencies (NRs.) | Bid security (NRs.) |
|---|---|---|---|---|
| 1 | Upgrading of Tahu- Ombhanjyang- Kiteni Road | RIDO-PAL-W-NCB-32-2079/080 | 21,39,337 | 58,000 |
| 2 | Upgrading of Butwal Dovan Ramibash Marek Sisnekhola Mashyam Dhakrebash Ranithati Silangthok Bhairavsthan & Harthok Ranithathi Dumre Road | RIDO-PAL-W-NCB-35-2079/080 | 29,97,855 | 81,000 |
| 3 | Upgrading of Thuloaap Phedi to Khursane hudai Chalise Bismure Agricultural Road | RIDO-PAL-W-SQ-61-2079/080 | 12,83,351 | 35,000 |
| 4 | Upgrading of Mathagadhi-5, Bir Bahadur Barhaghareko Ghar dekhi Devdaha Krishi tatha Pasupanchhi firm hudai Pakari Road | RIDO-PAL-W-SQ-63-2079/080 | 12,83,422 | 35,000 |
| 5 | Upgrading of Dovan Chattiban Deurali Batase Road | RIDO-PAL-W-NCB-68-2079/080 | 18,43,050 | 50,000 |
| 6 | Upgrading of Katarbari Purbatar Road, Rampur-06, Kauwa | RIDO-PAL-W-NCB-69-2079/080 | 17,12,630 | 46,500 |
| 7 | Upgrading of Kaligandaki Corridor Geja Birkot Ringneraha Jymire to Dumkibas Road | RIDO-PAL-W-NCB-70-2079/080 | 11,12,588 | 31,000 |
| 8 | Upgrading of Maisthan Jaisichaupari Awal Ranimahal Road | RIDO-PAL-W-NCB-71-2079/080 | 17,12,620 | 46,500 |
| 9 | Upgrading of Adharbhut Ma. Bi. Gate to Bahundanda Siluwa Road, Rampur-07 | RIDO-PAL-W-NCB-72-2079/080 | 17,12,600 | 46,000 |

**कम्पनीको नाम परिवर्तन भएको सार्वजनिक सूचना**

दोस्रो पटक प्रकाशित मितिः २०७९/११/१४

यस कम्पनीको मिति २०७९।०९।२५ मा सम्पन्न विशेष साधारणसभाको बैठकको निर्णय बमोजिम साविकको कम्पनी **होटल सन एण्ड स्नो प्रा. लि.** लाई कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०७९।१०।५ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गर्न स्वीकृत भएको हुँदा साविकको कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नामक कम्पनीले सकार्ने व्यहोर्ने गरी यस कम्पनीको नाम **होटल हिमालयन होराइजन प्रा. लि. (Hotel Himalayan Horizon Pvt. Ltd.)** कायम भएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

**होटल हिमालयन होराइजन प्रा. लि.** (प्रा.लि.नं. १३१९।३६।०३८)
धुलिखेल न.पा.३, काभ्रे

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७५/०४/०२ मा दर्ता भएको प्रा.लि. नं. १९३३५३ को **भारती पिक्चर्स प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ।

मध्यान्ह
www.madhyanhadaily.com
१४ फागुन २०७९, आइतबार
26 February 2023, Sunday

## सम्पादकीय

### राजनीतिलाई अविश्वसनीय र मूल्यहीन नबनाऊ

मंसिर ४ मा भएको संघीय संसद र प्रदेशसभा निर्वाचनको अन्तिम मतपरिणाम आए लगत्तै नेपाली जनताको मनमा उब्जेको भय थियो, देश फेरि राजनीतिक अस्थिरतामा धकिलिने त होइन ? किनभने निर्वाचनमा कुनै दलले आवश्यक बहुमत ल्याउन त सकेनन् नै, सरकार गठनका लागि पनि आवश्यक बहुमत पुऱ्याउन दलहरूबीचको गठबन्धन अनिवार्य हुने मतरिणामले देखाएको थियो । नभन्दै सरकार गठनका बेलाबाटै राजनीतिक दाउपेचको खेल शुरू भयो र निर्वाचनमा सबैभन्दा ठूलो दल बनेको कांग्रेसलाई छक्याउँदै तेस्रो दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड प्रधानमन्त्री बने । उनलाई प्रधानमन्त्री बनाउन दोस्रो ठूलो दल नेकपा एमालेका अध्यक्ष केपी ओलीको संयोजनमा पाँच दलीय गठबन्धन नै बन्यो । त्यही गठबन्धनबीच प्रदेश सरकार र राष्ट्रपति, सभामुखसहित संवैधानिक पदहरू बाँडफाँटको विषयमा समेत सहमति भयो । तर त्यो सहमति र पाँच दलीय गठबन्धन ६१ दिनमै टुट्न पुगेको छ ।

दुई महिनाअघि तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा आफूलाई पहिलो चरणमा प्रधानमन्त्री बनाउन कुनै हालतमा पनि सहमत नभएपछि बालकोटको समर्थनमा प्रधानमन्त्री बनेका प्रचण्डले मात्र दुई महिनामा फेरि गठबन्धन परिवर्तन गरेर एमालेलाई मात्र छक्याएन, सार्वसाधरणलाई चकित पारेका छन् । हुनत उनले 'राष्ट्रिय सहमतिको राष्ट्रपति' का लागि भनेर आफूलाई चोख्याउन खोजेका छन्, तर यसका लागि गठबन्धन नै परिवर्तन गर्नुपर्थ्यो कि पर्दैन थियो भन्ने वहसको अन्त्य गर्दैन । बरू जनताको नजरमा प्रचण्डको छवि अस्थिर र विश्वास गर्न अयोग्य बनेको छ । यस्तो छवि प्रचण्डका लागि मात्र होइन उनको पार्टी माओवादी केन्द्रका लागि समेत प्रत्युत्पादक हुनसक्छ । त्यसो त सत्ता साझेदार भए पनि माओवादी र एमालेबीच जुन विश्वास र सहयोगी वातावरण निर्माण हुनुपर्थ्यो, त्यो यस दुई महिने सहयात्रामै खट्किएको भने अवश्य हो । संसद विघटनको औचित्य पुष्टि गर्न खोजेर ओलीले प्रचण्डलाई संसदमै उनको सीमा सम्झाउन खोजेको लगायतका प्रसंगहरूले उनीहरूमा रहेको अविश्वास झल्किएको थियो । त्यो अविश्वासको बाँध अहिले नभए पनि कुनै बिन्दुमा पुगेर त फुट्थ्यो नै ।

त्यसोत माओवादी, एमाले र काँग्रेस मात्र शक्तिको लेखाजोखामा छैनन्, जनताले वैकल्पिक शक्ति मानेका राप्रपा, रास्वपा, नागरिक उन्मुक्ति र जनमत लगायतका दलहरू पनि यसकै पछि छन् । अझ कतिले त संसदमा आफूले पाएको जनमतलाई राजनीतिक बार्गेनिङ पावर र टुल्स बनाएका छन् । एक महिनामै सुदूरपश्चिम प्रदेशमा एमाले नेतृत्वको सरकार ढल्नु यसको ज्वलान्त उदाहरण हो । यो अवस्था राजनीतिक स्थिरतासँगै विकास निर्माण, सुशासन र आर्थिक समृद्धिको आकांक्षा राखेका नेपाली जनताका लागि धोका हो । अहिले राष्ट्रपति चुनाव र सरकार गठनमा समर्थन–विरोधको राजनीतिले दल र तिनका नेतृत्वलाई झन् झन् अविश्वसनीय र राजनीतिलाई मूल्यहीन बनाउदै लगेको छ । लोकतन्त्र र संविधान रक्षाका दृष्टिले यो चिन्ताको बिषय हो ।

# 'हंगर इन्डेक्स' र नेपाल

*स्थानीय सरकार केवल कर बढाउनमा व्यस्त छन् । आज उर्वर जमिन प्लटिङ्गमा जानु, असारे विकासले प्रश्रय पाई खेतबारीमा सडक पिच हुनुले पनि हामी भविष्यमा थप भोकमरीमा पर्ने निश्चित छ ।*

अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

कोरोना महामारीदेखि नै विश्वभर महँगी बढिरहेको थियो । जसलाई रुस-युक्रेन युद्धले थप सहयोग गऱ्यो । उत्पादन हुने मुलुकले कतिपय उत्पादनलाई निर्यातमा रोक लगाउने र कतिपयले आवश्यकताभन्दा बढी खरिद गर्दा पनि विश्वभर करिब-करिब सबैजसो खाद्यपदार्थको अभावसमेत भएको देखिन्छ । नेपालको छिमेकी देश भारतले आँटा, सुजी, मैदालगायत वस्तुमा निर्यात बन्द गरिदिँदा अहिले नेपालीहरुको भान्सामा प्रत्यक्ष प्रभाव परेको छ । अहिले चामल, गहुँदेखि विभिन्न खाद्यवस्तुमा थोरैमा २५ प्रतिशतसम्म मूल्यवृद्धि भएको छ । यो वृद्धिको क्रम रोकिने अवस्था देखिन्न ।

तर, विश्वव्यापी भोकमरी सूचकांकलाई हेर्दा, नेपालको अवस्था केही सुधार भएको छ । ग्लोबल हँगर इन्डेक्सको प्रतिवेदनलाई हेर्दा नेपालको अवस्था सन्तोषजनक छ । विश्वका १२१ देशमध्ये २०२२ मा नेपाल ८१औं स्थानमा छ । दक्षिण एसियाली मुलुकमध्ये नेपालको अवस्था भारत, पाकिस्तान र बंगलादेशको भन्दा राम्रो देखिएको छ । भारत १०७ औं स्थानमा छ भने पाकिस्तान ९९औं र बंगलादेश ८४औं स्थानमा छ ।

आर्थिक समस्या झेलिरहेको श्रीलंका यो सूचकांकमा ६४औं स्थानमा रहेको छ । दक्षिण एसियामा सबैभन्दा कमजोर रहेको अफगानिस्तान १ सय ९औं स्थानमा छ । भोकमरी सूचकांक विश्वव्यापी, क्षेत्रीय र राष्ट्रिय स्तरमा भोकमरीको विस्तृत मापन हो । कुपोषण, गम्भीर शिशु कुपोषण, अवरुद्ध वृद्धि र बाल मृत्युदरसहित सूचकहरुको आधारमा यसको मापन हुन्छ ।



कुपोषण, पुड्कोपना, ख्याउटेपना र बाल मृत्युदरलाई भोकमरी सूचकांकको रूपमा हेरिएको र समग्रमा हेर्दा यसमा केही सुधार देखिए पनि असमानता भने उस्तै रहेको प्रतिवेदनमा उल्लेख छ । खासगरी प्रदेशस्तरमा हेर्दा, कर्णाली प्रदेशमा बालबालिकाको पुड्कोपना बढी देखाइएको छ भनौं ४७:८ प्रतिशत र सुदूर पश्चिममा ४०:९ रहेको छ । गण्डकी २२:६ प्रतिशत र वागमती प्रदेशमा २२:६ प्रतिशत अर्थात् भौगोलिक विषमता कायमै छ । संघीयता र सन्तुलन भन्दै गर्दा भौगोलिक विषमता कायम रहनु सकारात्मक होइन ।

अध्ययनलाई हेर्दा, मुलुकको खाद्य सुरक्षाको अवस्था कमजोर देखिन्छ । खाद्य सुरक्षाको उद्देश्य असफल छ । यसले दिगो र समावेशी विकासको लक्ष्य प्राप्ति गर्न कठिन देखिन्छ । मुलुकको भोकमरी न्यूनीकरण अभियान अधुरो छ । देशैभरि बाँझो जमिन बढेको छ, किसानी हातहरु खाडीमा पोखिएका छन् । समावेशितामा वृद्धि हुन सकेको छैन भने कृषिकार्य सिँचाइ र प्रविधिमैत्री छैन । कृषि प्रधान भनिएको मुलुकमा रासायनिक मलको अभाव छ । स्थानीय सरकार केवल कर बढाउनमा व्यस्त छन् । आज उर्वर जमिन प्लटिङ्गमा जानु, असारे विकासले प्रश्रय पाई खेतबारीमा सडक पिच हुनुले पनि हामी भविष्यमा थप भोकमरीमा पर्ने निश्चित छ । अरुले देलान् र खाउँला भन्दै बस्दा खाद्यान्नको असुरक्षित अवस्थालाई नेतृत्वले के आकंलन गर्छ, राज्यको दीर्घकालीन सोंच के हुने ?

आज यी यावत् समस्यालाई हल गर्न नीतिगत सुधारको आवश्यकता छ । भूमिहीन नागरिकलाई जग्गाको उपलब्धता, भएको जमिनबाट बढी अनाजको उत्पादन गर्ने नीतिगत व्यवस्था अनिवार्य छ । केन्द्रिकृत प्रणालीलाई परिवर्तन गर्दै स्थानीय गाउँ बस्ती सुधारको अभियान चलाइनु पर्छ ।

नेपालको संविधानले खाद्य सुरक्षालाई मौलिक हकरूपमा राखेको छ । त्यसको कार्यान्वयन गर्न खाद्य अधिकार तथा खाद्य सम्प्रभूतासम्बन्धी ऐन २०७५ जारी गरेको छ । दिगो विकास लक्ष्यसहित सन् २०३० सम्ममा

*मुलुकको खाद्य सुरक्षाको अवस्था कमजोर देखिन्छ । खाद्य सुरक्षाको उद्देश्य असफल छ । यसले दिगो र समावेशी विकासको लक्ष्य प्राप्ति गर्न कठिन देखिन्छ । मुलुकको भोकमरी न्यूनीकरण अभियान अधुरो छ । देशैभरि बाँझो जमिन बढेको छ, किसानी हातहरू खाडीमा पोखिएका छन् ।*

समतामूलक, उत्थानशील र दिगो खाद्य प्रणाली उन्मुख नेपाल बनाउन थप पहल आवश्यकता, तीव्रता र प्रतिबद्धताको खाँचो पनि देखाइएको छ । दिगो विकासको लक्ष्य नै भोकमरीको अन्त्य हो, खाद्य पोषणको सुरक्षा हो, दिगो कृषि प्रणाली हो । जसबारे विश्वका सदस्य राष्ट्रबीच नेपालले आफ्नो प्रतिबद्धता व्यक्त गरेको छ ।

चालु १५औं योजनाले विशेषतः कृषिक्षेत्र सुधारका लागि, विकासका लागि खाद्य तथा पोषण सुरक्षाका लागि दिगो विकास, प्रतिश्पर्धी अर्थतन्त्रको लक्ष्य लिएको छ । चालु आ.व. ०७९/०८० लाई कृषि उत्पादनको राष्ट्रिय अभियान वर्षको रूपमा लिइएको पनि हो । कृषिको आधुनिकीकरण, कषि क्षेत्रमा यान्त्रिकीकरण, कृषि वस्तु ढुवानीमा कृषि एम्बुलेन्स, कृषि कर्जामा सरलीकरण, घरदैलोमै कर्जाको पहुँच र अनुदानको कार्यक्रम सञ्चालन गरिने पनि भनिएको छ । तर भनाई र प्राप्तिमा अन्तर ठूलो छ, पन्ध्रौं चालु योजनाले कृषि क्षेत्रको लक्ष्य ५:४ प्रतिशतको वृद्धि भनिरहँदा हालै त्यसको मध्यावधि समीक्षाबाट आधा मात्रै भनौं २:५ प्रतिशत हात लागेको छ । जि.डि.पि.मा कृषिक्षेत्रको योगदान घट्दैछ । यसको अर्थ आर्थिक असामानता बढ्दैछ । पाँच वर्ष मुनिका बाल मृत्युदरमा कमी, सामाजिक क्षेत्रका केही सूचकांक भने राम्रो रहेको समीक्षामा देखाइएको छ ।

आ.व.०७८/०७९ मा मात्रै एक करोड ७ लाख ७२ हजार मेट्रिक टन खाद्यान्न (धान, मकै, गहूँ, कोदो, फापर, जौंलगायत) उत्पादन भएको भनिएको छ । उत्पादन भएका वस्तुमध्ये बीऊ, जर्ती, पशु आहार, भण्डारण, प्रशोधनमा हुने नोक्सान समेत कटाउँदा ७५ लाख मे. टन उपलब्ध भएको कृषि मन्त्रालयको आकँडा छ । जनसंख्या हेर्दा वार्षिक ५८ लाख ६७ हजार मे टन खाद्यान्नको आवश्यकता हुन्छ । यो हिसाबले उत्पादनमध्ये १६ लाख ६३ हजार मे.टन खाद्यान्न बचत हुने देखिन्छ । तर, देशमा करिव २१ प्रतिशत नेपाली न्यूनतम दैनिक क्यालोरीबाट बन्चित छन् । यसबाट स्पष्ट हुन्छ या त वस्तुहरुको निकासी अवैधरुपमा हुन्छ, या त धेरै खाद्यान्न पशुपन्छीको दानामा खपत हुन्छ । नत्र मदिरा बनाउन वा अन्य प्रयोगमा खपत हुन्छ ।

कृषि विभागकै भनाइमा पनि गत वर्ष ७४ अर्ब २८ करोड बराबरको १२ लाख ५७ हजार मे. टन खाद्यान्न आयात भएको तथ्याँक छ, यसमध्ये चामल मात्रै ४ अर्ब ५५ करोड २४ लाख ९८ हजारको आँकडा छ । आ.व. ०७८/०७९ मा धानको उत्पादन लक्ष्य ५६ लाख मे. टन थियो तर ५२ लाख ३० हजार मे. टन मात्र उत्पादन भयो । सरसर्ती हेर्दा, धानको उत्पादन जम्मा ५, ६ लाख मे. टन अपुग देखिन्छ । आ.व. ०७७/ ०७८ मा ७ लाख ११ हजार हेक्टर जमिनमा गहूँ खेती हुँदा २१ लाख २७ हजार २७६ मे. टन गहूँ उत्पादन भएको थियो । गहूँको वार्षिक माग २५ लाख मे.टन हो र अपुग ४ लाख मे. टन हो । मकै भने आ.व.०७७/०७८ मा २९ लाख ९७ हजार ७३३ मे. टन भएको हो, गहूँ, जौ, मकै धेरैजसो औद्योगिक प्रयोजन चाउचाउ, पिजा, चाउमिन, विस्कूट लगायत अन्य प्रयोजनमा प्रयोग भएको हुन सक्ने सरकारी धारणा छ । तथ्यांकमा त नेपालमा खाद्य सुरक्षाको स्थिति राम्रै देखियो । अन्तर्राष्ट्रिय एजेन्सीहरु भारत, अफगानिस्तान, पाकिस्तानभन्दा राम्रो मान्छन् पनि नेपाललाई, तर भारतबाटै धान चामल, गहूँको बढी आयात हुने गरेको तथ्यांकलाई भने सामान्यरुपमा लिन मिल्दैन ।

निष्कर्षमा, सबैलाई व्यवहारिकरूपमा मर्यादित जीवन सुनिश्चित गर्न हामीले सामाजिक न्याय, शान्ति र पृथ्वीको संरक्षणका लागि सामूहिक रूपमा प्रतिबद्ध हुनुपर्ने देखिन्छ । गरिबीबाट मुक्त गरी देशका सबै नागरिकलाई सुरक्षित र सम्मानित जीवनयापन गराउनु राज्यको दायित्व हो । सरकारले सन् २०३० भित्रै सबै नागरिकलाई गरिबीबाट मुक्त गराउने लक्ष्य लिएको छ । गरिबीको रेखा मुनिको जनसंख्या १८.७ प्रतिशतको सरकारी आँकडा छ भने बहुआयामिक गरिबी १७:४ प्रतिशत रहेको भनाइ छ । सरकारी लक्ष्य तीन वर्षपछि गरिबीको रेखामुनिको जनचापलाई पाँच प्रतिशतभन्दा तल झार्ने भन्ने छ । सरकारले यसका लागि विभिन्न कार्यक्रमको सन्चालन गरेको भनेको छ । गरिबी निवारण नीति, १५ औं योजना, दिगो विकासको लक्ष्य लिई गरिबी निवारण कार्य योजनाअन्तर्गत कार्यक्रम सन्चालन, सार्क तथा विम्स्टेक गरिबी निवारण कार्य योजना सन्चालन गरेको भनिएको छ । वि.सं. २०८३ नेपालको अल्प विकसित राष्ट्रको सूचीबाट मध्यम आयको राष्ट्रको सूचीमा जाने समय हो । मध्यम आयस्तरको देशको सूचीमा रूपान्तरित हुन देशले धेरै कर्म गर्न बाँकी नै छ । गरिबी न्यूनीकरणका मार्गहरु सहकारी, उत्पादन र रोजगारी, गरिबी घर परिवारको पहिचान, विपन्नलाई सेवा सुविधा थप, परिचयपत्र वितरण, भूमिहीन, दलित, गरिब र सुकुम्बासीहरुलाई राज्यको तर्फबाट जग्गा वितरण, ३ तहका सरकारको कार्य प्रणालीमा सुधार, गैर सरकारी संस्थाहरुसँगको सहकार्य, समन्वय, सामुदायिक संस्थाहरुको पहिचान र सहकार्य, दातृ निकायका बीच समन्वय, सहयोग, आय र रोजगारीको सिर्जनालगायतमा ध्यान दिनुपर्ने हुन्छ ।

## सामाजिक सञ्जाल



**- डम्मर खतिवडा**

ओलीको अहंकार, प्रचण्डको अवसरवाद र अस्थिरता, देउवाको ढुकुवातन्त्र यी एकअर्काको परिपुरक हुन् । यी तीन वटै प्रवृति देशका लागि अभिशाप । त्रिकोणात्मक स्वार्थ संघर्षमा कसले कसलाई पछाऱ्यो, धोका दियो, देखाई वा चखाई दियो, जनतालाई भने हर्ष र विस्मात !



**- भुमाराम खनाल**

पुष्पकमल दाहाल, केपी ओली र शेरबहादुर देउवा स्वयम् धोका, षड्यन्त्र र झुटका पोका हुन् । उनीहरूले एकअर्कालाई बाँड्ने भनेकै आफुसँग रहेका तिनै पोकाहरू मात्र हुन् । हो, माथिका तिनै जनामध्ये समयले पालैपालो धोकाका पोका बाँड्ने पात्र भने बदलिरहन्छ ।



**- रञ्जित तामाङ**

संसदमा कयौं विधेयक धेरै वर्षदेखि अलपत्र छ । तर, गणपुरक संख्या नपुगेर संसद बैठक रोकिन्छ । यस्तो देशमा पुन्य गौतम ठूलै राजनीतिक विश्लेषक नभएर को हुन्छ ? डिल्लीराम खनाल अभिव्यक्ति स्वतन्त्रताको सेनानी नबनेर को बन्छ ? हामी जनता रोग लागेपनि ठीक छौं । कसैले मार्न नचाहेर बाँचेका छौं ।



**- फणिन्द्र नेपाल**

सत्तारूढ गठबन्धन दुई महिनामै भत्किन लागेको परिदृश्यलाई अब सायदै टालटुल गर्न सकिएला । राजनीतिमा नैतिकता र इमानदारीलाई तिलाञ्जली दिएपछि जहिले पनि जेसुकै हुनसक्ने रहेछ । जनप्रतिक्रिया के छ भने नेपाली जनताले कल्पना र अपेक्षा गरेका राजनीतिक दल यी होइन रहेछन् ।



**- राधाकृष्ण कटवाल**

देश तीन नेता र तीन दलको सिन्डिकेटमा चलिरहेको छ । कांग्रेसको राष्ट्रपति, माओवादीको प्रधानमन्त्री र एमालेको सभामुख हुनु नौलो कुरा होइन । अब संसद विघटन गर्ने दिन आउँदैन अनि अदालतमा मुद्दा पर्दैन, "हामी यहाँ छौं" भनेर सडकमा जानू पर्दैन । बरू एकीकृत समाजवादीलाई उप–राष्ट्रपति दिँदा ठिक हुन्छ !

# युक्रेन युद्धमा फसेको पश्चिमा

विश्व



● नवीनकुमार पाण्डे



फेब्रुअरी २४ मा, रुस-युक्रेन युद्ध भएको एक वर्ष पूरा भएको छ । यसलाई एकतर्फी युद्ध मानिए पनि अमेरिका र उसका सहयोगीहरू यसमा जोडिएका छन् । उनीहरुले युक्रेनलाई हतियार दिएर रुसमाथि प्रतिबन्ध समेत लगाएका छन् । रुसको सुन र विदेशी मुद्रा सञ्चितिको करिब ३०० अर्ब डलर यी प्रतिबन्धहरूको सिकार भएको छ । रुसको तेल आयातमा अमेरिका र उसका सहयोगीहरूले लगाएको प्रतिबन्ध अझै यथावत छ । रुसको स्वीफ्ट प्रणालीमा पहुँच पनि रोकिएको छ । म्याकडोनाल्ड्स, केएफसी, एडिडास, ब्रिटिस अमेरिकन टोबाको जस्ता बहुराष्ट्रिय कम्पनीले रुसमा आफ्नो कारोबार बन्द गरेका छन् ।

पश्चिमी देशहरुले प्रतिबन्ध लगाउँदै गर्दा 'रुसलाई आर्थिकरूपमा ध्वस्त पार्दछ र यसको कम्मर टुक्राउँछ' भन्ने बुझाइ राखेका थिए । हुन पनि अमेरिका र उसका सहयोगीहरूको ३० लाख अर्ब डलरको ठूलो अर्थतन्त्रको अगाडि दुई लाख अर्ब डलरको रुसी अर्थतन्त्र निकै सानो हो । यद्यपि, उनीहरुको प्रतिबन्धले रुसको अर्थतन्त्र ध्वस्त पार्न सकेन । यसको विपरीत, रूसको अर्थतन्त्रको प्रदर्शन राम्रो देखियो । अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ)को अनुमानअनुसार, रुसी अर्थव्यवस्था २०२४ मा २.१ प्रतिशतमा वृद्धि हुनसक्छ । जबकी आईएमएफले अमेरिकाको एक प्रतिशत, युरोपका २७ देशहरुको १.६ प्रतिशत र जापानको ०.९ को हुने अनुमान गरेको छ ।

रुसमाथि प्रतिबन्ध नलगाउने देश भारत र चीनले क्रमशः ६.८ प्रतिशत र ४.५ प्रतिशतको वृद्धिदर हासिल गर्ने भएका छन् । यी दुई देशबाहेक अफ्रिका र ल्याटिन अमेरिकासँग पनि रुसको व्यापार चलिरहेको छ । समग्रमा, रुसमाथि पश्चिमी प्रतिबन्धहरूले कुनै प्रभाव छोडेको देखिँदैन । यही कारणले रुसको मुद्रा रुबलले गत वर्षको जुन महिनामा डलरको तुलनामा ५२.३ को कीर्तिमानी उच्च बिन्दुमा पुगेको थियो । रुबल मे २०१५ पछि पहिलो पटक यति बलियो भएको हो । यससँगै रुसको मुद्रास्फीतिको अवस्थामा पनि निकै न्यून बिन्दुमा छ ।

*युक्रेन युद्धपछि पश्चिमी विश्वले रूसमाथि प्रतिबन्ध लगाएको थियो । तर, भारत र चीनले यसलाई बेवास्ता गरे । जसका कारण रूसले खासै पीडा भोगिरहेको छैन तर, यो युद्धले अमेरिका र त्यसका युरोपेली सहयोगीहरूलाई निकै ठूलो नोक्सान पुऱ्याइरहेको छ ।*

अर्कोतर्फ, युरोपका देशहरूमा विकासको गति सुस्त छ, रोजगारीको संकट छ र मुद्रास्फीतिले आकाश छोएको छ । रूस-युक्रेन युद्ध सुरु हुनु अघि, ४० प्रतिशत ऊर्जा खपत, मुख्यतयाः ग्यास, युरोपमा हुने गर्दथ्यो । तर, नाकाबन्दीका कारण रुसबाट आउने ऊर्जा आपूर्ति अवरुद्ध भयो । बरु अमेरिकाबाट महँगो मूल्यमा ऊर्जा आपूर्ति भइरहेको छ । अर्थात् युरोपमा आर्थिक भार बढेको छ । जसका कारण युरोपका सरकारहरुको बजेट घाटा पनि बढ्दै गएको छ । बढ्दो बजेट घाटालाई तीव्र आर्थिक बृद्धिले मात्र पूर्ति गर्न सकिन्छ । तर, युरोजोनमा भने आर्थिक वृद्धिदर घटेको छ । सरकारी ऋणमा यसको हिस्सा सन् २०१९ मा ८३.९ प्रतिशतबाट बढेर २०२२ मा ९६.४ प्रतिशत पुगेको छ । ऊर्जा र खाद्यान्नको मूल्यमा भएको वृद्धिका कारण सरकारी ऋण थप २ प्रतिशतले बढ्ने अनुमान गरिएको छ ।

अमेरिकामा मुद्रास्फीति नियन्त्रणमा आउने संकेत देखिएको छैन । जुन २०२२ मा, ४० वर्षमा ९.१ प्रतिशतको रेकर्ड मुद्रास्फीति दर थियो । हाल, अमेरिकामा मुद्रास्फीति दर ६.५ प्रतिशतमा छ, जुन लक्ष्यभन्दा तीन गुणा बढी हो । युक्रेनलाई युद्धमा सहयोग गर्न अमेरिकाले आर्थिक उत्पादन नबढ्दै रक्षा क्षेत्रमा विनियोजन बढाउनुपरेको छ । अमेरिकाले आर्थिक वर्ष २०२३ को लागि रक्षा बजेट ८५७ अर्ब डलर पुऱ्याएको छ, जुन कुल जीडीपीको एक तिहाइभन्दा बढी हो ।

अमेरिका, युरोपमा ब्याजदर वृद्धि र मुद्रास्फीतिका कारण तलब मूल्य घटेको छ । जसका कारण मजदुर वर्गमा आक्रोश बढ्दै गएको छ । फ्रान्स र बेलायतमा रेलवे, नर्वेमा उर्जा क्षेत्र र अमेरिकामा उड्डयन क्षेत्रका कर्मचारीमा चर्को आक्रोश छ । मौद्रिक नीतिमा कडाइ गर्ने र युद्धको निरन्तरताको प्रभाव यस्ता थप मजदुर आन्दोलनको रूपमा देख्न सकिन्छ । युक्रेन युद्ध समग्रमा अमेरिका र युरोपका लागि घातक सावित हुने देखिएको छ भने रुस, चीन र भारतका लागि फाइदाजनक देखिन्छ ।

*(नवभारत टाइम्सबाट)*

## तपाईको राशिफल

मेष : धेरै भरोसा गर्नु हुँदैन । अज्ञात भयको जोखिम छ ।
वृष : बाहन चलाउँदा सावधानी राख्नुहोला । नाता गोतामा विवादको योग छ ।
मिथुन : मुकदमा सम्बन्धी समस्याको योग छ । शैक्षिक कार्यमा प्रगति हुनेछ ।
कर्कट : साथीभाईबीच सुमधुर सम्बन्ध रहन्छ । विदेश यात्राको योग छ ।
सिंह : सरकारी कार्यमा प्रगति हुनेछ । तर, सामान चोरिने जोखिम छ ।
कन्या : धन लेनदेनमा सावधानी राख्नुहोला । स्वास्थ्यमाथि ध्यान दिनुपर्छ ।
तुला : राजनैतिक सहयोग प्राप्त हुनेछ । आत्मविश्वासमा वृद्धि हुनेछ ।
वृश्चिक : पारिवारिक खर्च धेरै हुनेछ । कार्यमा रूकावटपछि सफलता मिल्नेछ ।
धनु : भाग्य राम्रो रहन्छ । पारिवारिक जीवन सुखमय रहनेछ ।
मकर : अनावश्यक खर्च हुने योग छ । विवाद परिने समय छ ।
कुम्भ : महत्वपूर्ण भेटघाट हुनेछ । खर्चमाथि नियन्त्रण राख्नु होला ।
मीन : जोखिम भएको कार्यमा धन लगाउन हुँदैन । अनावश्यक खर्चको योग छ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)
इन्टरनेशनल एस्टोलोजिकल फोरम । सानेपा, काठमाडौं, नेपाल, फोन : ९८४१५९२५५२,
इमेल : dhruvswamig@gmail.com*

# भारतको मध्य प्रदेशमा ट्रकले बसलाई ठक्कर दिँदा १४ जनाको मृत्यु



**काठमाडौं/एजेन्सी–** भारतको मध्य प्रदेश राज्यमा सडक छेउमा रोकिराखेको तीनवटा बसलाई ट्रकले ठक्कर दिँदा कम्तीमा १४ जनाको मृत्यु हुनुका साथै ५० जनाभन्दा बढी घाइते भएका छन् ।

मध्य प्रदेशको राजधानी भोपालबाट ६१० किलोमिटर उत्तरपूर्वमा पर्ने सिद्धी जिल्लामा शुक्रबार राति सो दुर्घटना भएको हो ।

प्रहरीका अनुसार सिमेन्ट बोकेको ट्रकको एउटा टायर फुटेपछि ट्रकले सन्तुलन गुमाउँदा सडकछेउमा पार्किङ गरी राखिएका तीनवटा बसलाई ठक्कर दिएको र आठ जनाको घटनास्थलमै मृत्यु भएको र अन्य छ जनाको उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ।

'दुर्घटनामा अहिलेसम्म १४ जनाको मृत्यु भएको पुष्टि भएको छ भने ५६ जना घाइते भएका छन्,' वरिष्ठ प्रहरी अधिकारी मुकेश श्रीवास्तवले भने ।

घाइतेमध्ये अधिकांशको नजिकैको रेवा जिल्लाको सञ्जय गान्धी अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

अधिकारीहरूका अनुसार भारतका सङ्घीय गृहमन्त्री अमित शाहले सम्बोधन गरेको र्‍यालीमा सहभागी हुन गएका बस यात्री आफ्नो घर फर्किरहेका थिए ।

भारतमा सवारीमा अत्यधिक भार बोक्ने, सडकको खराब अवस्था र लापरबाहीका कारण सडक दुर्घटना हुने गरेको छ । भारतमा हरेक वर्ष करिब एक लाख ५० हजार मानिसको सडक दुर्घटनामा मृत्यु हुने गरेको अधिकारीहरूले बताएका छन् ।

# वन्यजन्तु अपराधमा दुई वर्षमा ९० हजार पक्राउ



**काठमाडौं/एजेन्सी-** चिनियाँ प्रहरीले वन्यजुन्तु अपराधमा संलग्न भएको अभियोगमा ९० हजार जनालाई पक्राउ गरेको छ । एक जना सार्वजनिक सुरक्षा अधिकारीका अनुसार प्रहरीले सन् २०२० देखि २०२२ सम्म वन्यजन्तुसँग सम्बन्धित ७० हजारभन्दा बढी आपराधिक मुद्दाको अनुसन्धान गरेको छ भने सोही अवधिमा ९० हजार जनालाई सोही प्रकृतिको अपराधमा पक्राउ गरिएको हो ।

बितेका तीन वर्षमा १३ लाख सात हजार वन्यजन्तु तथा एक लाख ८० हजार किलोग्राम वन्यजन्तुजन्य वस्तु बरामद भएका सार्वजनिक सुरक्षा मन्त्रालयअन्तर्गतको खाद्य तथा लागूऔषध अपराध अनुसन्धान विभागका प्रमुख ल्यु वुकिनले शुक्रबार यहाँ आयोजित पत्रकार सम्मेलनमा बताए ।

उक्त अवधिमा मन्त्रालयको अनुसन्धानमा रहेका सबै एक सय ५० मुद्दा निरुपण गरिएको जानकारी उनले दिए । 'यो वन्यजन्तुसम्बन्धी अपराध अन्त्य गर्न दुई वर्षअघि देशव्यापीरूपमा थालिएको अभियानको परिणामको हो,' उनले सञ्चारकर्मी माझ भने ।

अभियानअन्तर्गत राष्ट्रिय निकुञ्ज, चिडियाखाना, सर्कस, पशुपालन र प्रचार क्षेत्रलाई लक्ष्य गरी अनुसन्धान गरिएको तथा त्यस क्रममा गैरकानुनीरूपमा पालिएका एक लाख २० हजारभन्दा बढी वन्यजन्तुलाई मुक्त गरिएको विभागले जनाएको छ ।

# चीनले पाकिस्तानलाई दियो ७० करोड डलर ऋण



**काठमाडौं/एजेन्सी–** चीनले पाकिस्तानलाई ७० करोड डलर ऋण दिएपछि अमेरिकाले यसप्रति चिन्ता व्यक्त गरेको छ । अमेरिकी विदेश मन्त्रालयका दक्षिण तथा मध्य एसियाली मामिलाका सहायक विदेशमन्त्री डोनाल्ड लुले चीनले भारी ऋणका कारण उत्पन्न परिस्थितिको फाइदा उठाउन सक्ने भन्दै चिन्ता व्यक्त गरेका छन् । दक्षिण एसियाका देशहरूलाई औंल्याउँदै लुले भने, 'अमेरिकाले यस क्षेत्रका देशहरूसँग कुरा गरिरहेको छ ताकि उनीहरूले आफ्नो निर्णय आफैँ लिउन् । चीनजस्ता अन्य देशहरूको दबाबमा आउनु हुँदैन ।' पाकिस्तानका अर्थमन्त्री इशाक दारले गत हप्ता चाइना डेभलपमेन्ट बैंकसँग सबै औपचारिकता पूरा भइसकेको र केही दिनमा पाकिस्तानले ७० करोड डलर ऋण पाउने बताएका थिए । शुक्रबार साँझ उनले ट्वीट गर्दै चीनबाट ऋण पाएको जानकारी दिए ।

समाचार एजेन्सी पिटिआईका अनुसार डोनाल्ड लुले पाकिस्तान र श्रीलंकालाई औंल्याउँदै भने, 'चीनले भारतका छिमेकीहरूलाई ऋण दिइरहेको छ जुन चिन्ताको विषय हो। हामी चिन्तित छौं कि उनीहरूले यसको फाइदा नलिउन् ।' अमेरिकी रक्षामन्त्री एन्टोनी ब्लिन्केनको भ्रमणअघि डोनाल्ड लुले यस्तो बताएका हुन् । ब्लिन्केन अर्को महिना हुने जी-२० देशका विदेशमन्त्रीहरूको बैठकमा सहभागी हुन १ देखि ३ गतेसम्म भारत भ्रमणमा जानेछन् ।

## Dodhara Chadani Municipality

## Office of the Municipal Executive

**Dodhara Chadani, Kanchanpur**

## Invitation For Bids

**First Date of Publication: 2079/11/14**

1. **The Government of Nepal (GoN)** has allocated Fund to Dodhara Chandani Municipality for Black Top Road & Building construction work and the Municipality intends to apply the funds to cover eligible payments under the Contract for Building construction work. Bid is open to all eligible Nepalese Bidders.
2. Eligible Bidders may obtain further information and Inspect the bidding documents at the office of Dodhara Chadani Municipality or www.bolpatra.gov.np
3. Bidding documents may be purchased from the office of Dodhara Chadani Municipality, Dodhara Chadani, Kanchanpur or **www.bolpatra.gov.np** by eligible Bidders, on submission of a written application and upon payment of a non-refundable fee for bid documents as mentioned in the following table, until the (last date of purchase of bidding document) ***(30th day.)*** from the first date of publication of this notice.
4. Bids must be submitted to the office of Dodhara Chadani Municipality Dodhara Chadani, Kanchanpur or through www.bolpatra.gov.np**,** on or before **12.00hr. noon** on **2079/12/14** Documents received after this deadline shall not be accepted.
5. Bids will be opened in the presence of Bidders' representatives who choose to attend at Dodhara Chadani Municipality Dodhara Chadani, Kanchanpur on **2079/12/14 and 14.00hr.** Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied by bid security, amounting to a **minimum of 2.5-3%**), which shall be **valid for 30 days** beyond the bid validity period.
6. If bidder wishes to submit the Bid Through eg-p, they may submit Bid Document Fee in form of cash, in Sanchit Kosh Account No : 0823501563767019, Agricultural Development Bank, Dodhara chadani branch.
7. If bidder wishes for Bid Bond in form of cash, in **Dharauti Khata** Account No : 0823501563767108, Agricultural Development Bank, Dodhara chadani branch.

   **Account Name: Dharauti Khata a**nd submit bank deposit voucher along with the bid.
8. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
9. The name and identification of the contract are as follows:

| IFB Number | Description of Work | Estimated Amount, NRs.(Excluding (VAT) | Bid Security Amount (Rs.) | Bid Document Fee |
|---|---|---|---|---|
| 11/WBCW/ 2079/080 | Ward office Building Construction Work, 02 | 21,46,017.70 | 65,000.00 | 3000.00 |
| 12/BTR/ 2079/080 | Budhathoki Khalla-Mahabir Dhami Road Black top Construction Work, 02 | 44,24,778.76 | 1,30,000.00 | 3000.00 |

10. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

MALAYSIA मा रोजगार | कम्पनी: Tiara Force Security Services Sdn.Bhd.
शहर: Selangor

पूर्व स्वीकृत मिति: २०७९/११/१२ चलानी नं.: ६०१९७१६२ LT. No.:281663

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 87 | 0 | स. काममा दक्ष | 1500 | ४४,६८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन २१ गते (5 March 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु ७००/- कामदारले आफै व्यहोर्ने | रु १५००/- कामदारले आफै व्यहोर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

माउण्टेन ग्रुप ईन्टरनेशनल प्रा. लि.
टोखा-७, बसुन्धारा, चौकी, काठमाडौं, फोन: ०१-४९८७४९४, ४९८७४९५, ४९८३९८३
मो: ९८५१२१११८८, फ्याक्स: ०१४९८७४९५
श्रम इजाजत नं. ९९४/०६८/०६९

KUWAIT OIL COMPANY मा रोजगारको अवसर

कम्पनी: GENERAL TRADING COMPANY WLL, KUWAIT शहर: Kuwait
पूर्व स्वीकृत मिति: २०७८/०९/०७ चलानी नं.: ६०१७१०४९ LT. No.: 254316 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Chef Pastry | 3 | 0 | सम्बन्धित काममा दक्ष | 250 | १०७,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Butcher | 2 | 0 | | 150 | ६४,६७७ | | | | | | | |
| 3. | Catering Supervisor | 5 | 0 | | 400 | १७२,४७२ | | | | | | | |
| 4. | Cook/diet Cook | 20 | 0 | | 300 | १२९,३५४ | | | | | | | |
| 5. | Head Waitress | 0 | 10 | | 200 | ८६,२३६ | | | | | | | |
| 6. | Waiter/waitress/server/sorter | 20 | 20 | | 170 | ७३,३०१ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन २४ देखि चैत्र २ गतेसम्म (8 to 16 March 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

AARAV GLOBAL RECRUITMENT PVT. LTD.
श्रम इजाजत पत्र नं. १२२५/०७४/७५
एकताटोल, सिनामंगल, काठमाण्डौ
(Opposite Hyundai Service Center)
फोन: ०१-४५९२९०५, ०१-४५९२९०६
मो. ९८०२३२३१९५, ९८०२३२३१९६, ९८०२३२३१९७, ९८०२३२३१९८
Email: hiringagr@gmail.com f Aaravglobal.recruitment

शुन्य लागतमा घरेलु कामदारलाई Jordan मा रोजगारी

१. कम्पनी: Al Muthana company for recruitment and employment of house workers शहर: AMMAN
पूर्व स्वीकृत मिति: २०७८/०९/०५ चलानी नं.: ६०१७०८६५ LT. No.: 254298 पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Housemaid | 0 | 14 | स. काममा दक्ष | 300 | ३९,६२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी: AL HUMMAR PEARL COMPANY RECRUITING & USE OF DOMESTIC WORKERS शहर: AMMAN
पूर्व स्वीकृत मिति: २०७८/०४/२२ चलानी नं.: ६०१८४७८६ LT. No.: 268641 पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker/housemaid | 0 | 46 | स. काममा दक्ष | 300 | ३९,६२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

३. कम्पनी: ALWA'AD FOR RECRUITING DOMESTIC WORKERS शहर: AMMAN
पूर्व स्वीकृत मिति: २०७८/०४/३० चलानी नं.: ६०१८५४२५ LT. No.: 269662 पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker/housemaid | 0 | 48 | स. काममा दक्ष | 300 | ३९,६२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन २१ ( 5 March 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

नोट : भाषा तथा घरायसी काम सम्बन्धी १ (एक) महिने तालिम अनिबार्य लिनु पर्ने ।
खाना, बस्न सहित तालिम नि:शुल्क हुने र शुन्य लागत (Zero cost) मा जान पाईने ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

EARTH VISION MANPOWER SERVICES PVT. LTD.
Jaya Bageshwari, Kathmandu, Nepal, Tel.: 4481192
E-mail: earthvision2016@gmail.com
Govt. Lic. No. 749/064/065

मलेसियामा रोजगार

कम्पनी : KOP SECURITY AGENCY SDN BHD
शहर :Kuala Lampur
पूर्व स्वीकृत मिति: २०७९/११/११ चलानी नं.: ६०१९७१०५ LT. No.: 281494

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 136 | 0 | स. काममा दक्ष | 1500 | ४४,६७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुण २१ गते (5 March 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझा विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला

Koperasi International Pvt. Ltd.
Tokha-9, Gongabu, (Shiva Mandir), Kathmandu, Tell.: 01-5912411
Mob: 9851023473 | Email: sarojoli208@gmail.com
श्रम इजाजत नं. १२८७/०७४/०७५

# बक्स अफिस समाचार

# 'सफल हुन्छु भनेर काम गर्ने हो'

▶ सूर्य बुढाथोकी, चलचित्रकर्मी



लगभग चार दर्जन चलचित्रमा ड्रेसम्यान, साउण्ड म्यानमात्र नभएर चलचित्रका प्रायः सबै विधामा दक्षता हासिल गरेका व्यक्ति हुन् सूर्य बुढाथोकी । पछिल्लो समयमा प्रोडक्शन म्यानेजरको रुपमा बढी काम गरेका उनले साथीहरुसँग मिलेर चलचित्र 'ब्वाई फ्रेण्ड' निर्माण गरे, तर फिल्मले सोचेजस्तो व्यावसायिक सफलता भने हासिल गर्न सकेन । चलचित्र 'चिनो'बाट स्पट ब्वाइको रुपमा चलचित्र क्षेत्रमा प्रवेश गरेका सिन्धुलीका बुढाथोकी अहिले निर्माताको रुपमा आफ्नो पहिचान बनाउनुका साथै निर्देशनको क्षेत्रमा पनि देखिँदै छन् । झण्डै तीन दशक चलचित्र क्षेत्रमा बिताइसकेका बुढाथोकी यतिबेला नयाँ चलचित्र 'सिक्कुम्' निर्माणको गृहकार्यमा जुटेका छन् । प्रस्तुत छ निर्माता, निर्देशक सूर्य बुढाथोकीले मध्यान्ह दैनिकका लागि सानु श्रेष्ठसँग गरेको कुराकानीको सम्पादित अंश :

**चलचित्र क्षेत्र सुस्ताउँदै गरेको समयमा पनि फेरि निर्माणमा हात हाल्दै हुनुहुन्छ, किन ?**

अरु काम जानेको छैन आफूले यसै क्षेत्रमा लामो समय बिताइयो, जे जति जानेको छु, बुझेको छु त्यसको सदुपयोग यसै क्षेत्रमा गरुँ भनेर चलचित्र निर्माणसँगै निर्देशनमा पनि सक्रिय हुँदैछु । काम गर्दै जाँदा सफल, असफल भन्ने कुरा स्वभाविक भएपनि काम गर्न भने छाड्नु हुँदैन ।

**पछिल्लो चलचित्र 'अन्धकार'ले पनि तपाईंलाई साथ दिएन नि ?**

चलचित्र 'अन्धकार' मेरो निर्देशनमा बनेको पहिलो चलचित्र हो । चलचित्र 'अन्धकार' खासगरी युवा पुस्तालक्षित विषयवस्तुमा आधारित सन्देशमूलक चलचित्र भएकाले व्यावसायिकरुपले पनि राम्रै हुने आशा गरेका थियौं । तर मुख्य शहरहरुमा प्रदर्शन गर्न सकेनौं, जसका कारण हाम्रो सोच विफल भयो ।

**तीन दशक लामो सिने यात्राको अनुभव त होला, तर निर्देशकीय क्षमता नभएर यस्तो भएको हो कि ?**

चलचित्र क्षेत्रको पुरानै भएपनि निर्देशनमा म नयाँ भएकाले हौसला दिनुपर्नेमा उल्टै स्पट ब्वाइले चलचित्र निर्देशन गर्ने भनेर आफूलाई वरिष्ठ सम्झने एक निर्देशकले नाक खुम्चाउँदै भने- 'यसै त नेपाली चलचित्र उद्योग धरासायी बनिरहेको छ, त्यसमाथि पनि जो पनि निर्देशक बनिदिँदा चलचित्र उद्योग झनै धरासायी बन्ने भयो ।' यस्तो भन्दा मनमा दुःख लागेपनि अरुको कुराको पछि लाग्ने होइन आफ्नो कर्ममा ध्यान दिनुपर्छ भनेर निर्माणसँगै निर्देशन पनि शुरु गरें । आफूले गरेको सबै काममा सफलता पाउनुपर्छ भन्ने छैन । सफल हुन्छु भनेर काम चाहिँ गर्दै जानुपर्छ । पढेका भन्दा पनि परेका व्यक्ति अनुभवी हुन्छन् भन्ने कुरा बिर्सनु हुँदैन ।

**निर्देशनमा हात हाल्नु नै गल्ती भयो जस्तो लाग्दैन ?**

अर्को कुनै विधाबाट आएर एक्कासी चलचित्र निर्देशनमा हात हालेको भएपो गल्ती महसुस हुनु । विगत तीन दशक बढी समयदेखि यसै क्षेत्रमा क्रियाशील छु । यतिबेला आफूले उठाएको जिम्मेवारीलाई कसरी सहजरुपमा पूरा गर्न सकिन्छ भन्ने तर्फमात्र मेरो ध्यान केन्द्रित छ । चलचित्र राम्रो बनाउने प्रयास मेरो हुनेछ, बाँकी दर्शकले मूल्यांकन गर्नु हुने छ ।

**बन्दै गरेको चलचित्रको कथावस्तु कस्तो रहने छ ?**

यो पटक हामीले बनाउन लागेको चलचित्र अलि भिन्न खालको हुने छ । लिम्बु कल्चरमा आधारित नेपाली भाषामा बन्ने चलचित्रका कलाकारहरुलाई यसै साता एक हप्ते वर्कशप सञ्चालन गर्दै छौं । र, पूर्वाञ्चलमा यसको छायांकन हुने भएकाले कलाकारहरु पनि प्रायः पूर्वतिरकै हुनेछन् । अहिलेलाई यति नै भनौं ।

**सिनेमा जगतमा एउटा उचाइ बनाइसक्नु भएको व्यक्ति, आफैंलाई चाहिँ कस्तो अनुभूति हुन्छ ?**

जीवनमा कहिले पनि आफ्नो व्यक्तिगत तारिफ गरिनँ । तपाईंहरूलाई थाहा छ, म मेरो व्यक्तिगत चर्चा परिचर्चाको विषयमा कहिले पनि अगाडि आइनँ, धेरै मिडियाले पच्छ्याउँदा पनि म यदाकदाबाहेक पछि नै बसें । यो मेरो व्यक्तिगत व्यस्तता पनि थियो र यो मेरो स्वभाव पनि हो । त्यसैले मेरो बारेमा बजारमा के कस्ता चर्चा परिचर्चा हुन्छ, त्यता ध्यान दिन चाहिनँ । केबल मेरो काम एक पछि अर्को कसरी राम्रो दिन सकिन्छ भन्नेमै म तल्लिन हुन्छु ।

**चलचित्र क्षेत्रले उद्योगको मान्यता पाइसकेको छ, यसलाई कसरी हेरिरहनु भएको छ ?**

कागजमा सीमित भएर हुँदैन, व्यवहारमा पनि लागू हुन सके राम्रो । नेपाली सिनेमा उद्योगको रूपमा आगाडि बढिरहेको र ठूलो संख्यामा रोजगार प्रदान गर्नुका साथै कलाकारदेखि प्राविधिकसम्मलाई यसै क्षेत्रमा निर्भर रहने वातावरण बन्दै थियो । तर बिस्तारै नेपाली चलचित्रको व्यापार घट्दै जाँदा यस पेशामा संलग्न अधिकांश व्यक्तिहरु अन्यत्र आश्रित बन्न बाध्य हुनु परेको छ । नेपाली सिनेमा विदेशमा विशेष प्रदर्शन गरेर निर्माताले राम्रै आर्थिक लाभ लिइरहेका थिए, तर कोभिडयता सिने क्षेत्र सुस्ताएको छ । उद्योगको मान्यता दिएपनि अहिलेसम्म चलचित्र बनाउन कुनै पनि बैंकबाट ऋण दिने व्यवस्था छैन । यो क्षेत्रलाई टिकाउने काम हालसम्म निजी क्षेत्रले गरिरहेको छ । आत्तिनु हुँदैन, पुनः नेपाली सिनेमाले उचाइ लिनेछ ।

**नेपाली सिनेमा नचल्नुको कारण ?**

हाम्रो दर्शक भनेको हलिउड, बलिउडका महँगा चलचित्र हेर्ने बानी परेका छन् । दर्शकको स्वाद नबुझी हतार हतारमा चलचित्र निर्माण गरिनाले पनि सिनेमा नचलेको हो । साथै स्कृप्ट, कलाकार, लोकेशन, प्राविधिकहरुको सही छनोट नहुनु पनि कारण हुन सक्छन् ।

## ओलीलाई धिमे बाजा उपहार

**काठमाडौं/मस-** पूर्वप्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई धिमे बाजा उपहार दिइएको छ । अध्यक्ष ओलीको जन्मदिनको अवसरमा उनलाई मध्यपुर थिमि नगरपालिकाका पूर्वनगरप्रमुख मदनसुन्दर श्रेष्ठ र म्युजिक भिडियो निर्देशक तथा म्युजिक भिडियो निर्देशक समाजकी कोषाध्यक्ष बबिता श्रेष्ठ नेतृत्वको टोलीले धिमे बाजा उपहार दिएको हो ।

ओलीलाई उनकै निवास बालकोट पुगेर जन्मदिनको शुभकामनासहित धिमे बाजा प्रदान गरिएको हो । सो अवसरमा पूर्वनगरप्रमुख श्रेष्ठ र समाजकी



कोषाध्यक्ष श्रेष्ठसहित बागमती प्रदेश सभा सदस्य सकुन्तला श्रेष्ठ, समाजसेवी उत्तरा नेपाल, कलाकार अमन श्रेष्ठ, गीतकार राजेन्द्र पुरी र धेमे बाजा ग्रुपलगायत टिमको उपस्थिति रहेको थियो ।

हालै थिमि स्थित दुई पोखरीमा सम्पन्न चौथो एपिक नेपाल म्युजिक अवार्ड २०७९ मा अध्यक्ष ओली आफैंले बजाएको धिमे बाजा उपहारस्वरुप उनलाई प्रदान गरिएको हो ।

## रीता थापा मगर सर्वसम्मत



**काठमाडौं/मस-** राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपालको अध्यक्षमा धादिङकी रीता थापा मगर सर्वसम्मत निर्वाचित भएकी छिन् ।

धादिङबेँसीमा भएको प्रतिष्ठानको आठौं केन्द्रीय महाधिवेशनबाट थापा सर्वसम्मत अध्यक्षमा निर्वाचित बनेकी हुन् । केन्द्रीय निर्वाचन समितिले सार्वजनिक गरेको उम्मेदवारको नामावलीअनुसार थापाका विरुद्ध उम्मेदवारी नै नपरेपछि उनी सर्वसम्मत बनेकी हुन् ।

उनी प्रत्यक्ष दोहोरी गीतबाट चर्चामा छिन् । लोक तथा दोहोरी क्षेत्रमा दशकअघिदेखि तल्लीन थापामगरले यसअघि प्रतिष्ठानको विभिन्न पदमा रहेर काम गरिसकेकी छिन् । प्रतिष्ठानको वरिष्ठ उपाध्यक्षमा स्याङ्जाका पशुपति शर्मा र प्रथम उपाध्यक्षमा रामजी खाँण सर्वसम्मत भएका छन् । साङ्गठनिक उपाध्यक्षमा सुवास केसी, प्रशासनिक उपाध्यक्षमा दीपक खड्का र महिला उपाध्यक्षमा राधिका हमाल पनि सर्वसम्मत निर्वाचित भएका छन् ।

प्रतिष्ठानको महासचिवमा शिव हमाल सर्वसम्मत बनेका छन् । उपमहासचिवमा हरि डाँगी (प्रशासनिक) र शिरीष देवकोटा (साङ्गठनिक) र कोषाध्यक्षमा अमृत अधिकारी सर्वसम्मत चयन भएका छन् । त्यस्तै महिला सचिवमा जमुना राना सर्वसम्मत चयन भएकी छिन् ।

त्यस्तै सात प्रदेशमध्ये भूगोल सचिवमा पनि गण्डकी प्रदेशबाहेक सबै प्रदेशबाट आउने सचिव पदमा सर्वसम्मत भएको छ ।

## Barbardiya Municipality
## Office of the Municipal Executive

Lumbini Province, Nepal

### Invitation of Bid

**Contract Identification No:BMO/NCB/GOOD/01/2079-80**
**Invitation Date:2079/11/14**

1. Barbardiya Municipality Office of municipal executive invites electronic bids from eligible bidders for the procurement of Goods mentioned below under National Competitive Bidding. Bidding is open to all eligible bidders.

| S. N. | Name of Project | Total estimate (inclu.VAT) | Bid Security | Bid document fee | Remarks |
|---|---|---|---|---|---|
| 1 | ICT Goods supply at jaynagar, Bardiya. | 35,61,000.00 | 70,000.00 | 3,000.00 | |

2. Eligible Bidders may obtain further information and inspect the bidding documents, by visiting PPMO e-GP portal ***www.bolpatra.gov.np/egp.***
3. Bidder have to submit their bid only through egp portal ***www.bolpatra.gov.np/egp.***
4. Information to deposit the cost of bidding document in Bank:

   **Name of Bank : NIC ASIA BANK, Magragadi Branch, Jayanagar Bardiya**
   **Office Account No : 1122052498251007**
